# प्रभाव दैनिक
National Daily

वर्ष ११ | अंक २४६ | काठमाडौं | बुधबार, १७ पुस २०८१ | Prabhab National Daily | Wednesday, January 01, 2025 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-



पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल-७, काठमाडौं
०१४३७३५७७/९७६१८१५४०००/
९८४११५१२१७/९८४१२४६२६९
marketing2prabhab@gmail.com


## मेलमिलाप दिवसमा

# कांग्रेसभित्रको झगडा छताछुल्ल



विसं. २०८४ मा आमनिर्वाचन हुने छ । त्यसको दुई वर्ष पहिले नै महाधिवेशन हुनुपर्ने हो । होइन भने निर्वाचनपछि गराउँदा उत्तम हुन्छ ।

■ **डा. शशांक कोइराला**
**पूर्वमहामन्त्री, नेपाली कांग्रेस**



१५औं महाधिवेशन हुन्छ, स्वाबासी नगरौं । प्रतिबन्धित कालमा त सम्हालिएर आएको पार्टीले आनन्दसँग समयमै महाधिवेशन गर्छ ।

■ **गगन थापा**
**महामन्त्री, नेपाली कांग्रेस**



पाँचपटक प्रधानमन्त्री भएका सभापतिजीलाई गाह्रो भइसकेको होला, म भारी बोकिदिन्छु भनेर सुरिनेहरूको अभाव पार्टीभित्र देखिरहेको छु । दिएदेखि खाउँला भन्ने हुँदैन, म बन्छु प्रधानमन्त्री भनेर दृढतापूर्वक उभिन सक्नुपर्छ ।

■ **विश्वप्रकाश शर्मा**
**महामन्त्री, नेपाली कांग्रेस**

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** प्रमुख राजनीतिक दल नेपाली कांग्रेसले मंगलबार देशभर मेलमिलाप दिवस मनायो । आठवटा मृत्युदण्डका मुद्दा अदालतमा चलिरहेका बेला बिपी कोइराला मेलमिलापको नीति लिई २०३३ पुस १६ गते भारतबाट नेपाल फर्केका थिए ।

सोही दिनको सम्झनामा कांग्रेसले हरेक वर्ष मेलमिलाप दिवस मनाउँदै आएकोमा सदाझैं यसपटक पनि नेताहरूले एकअर्काविरुद्ध रोष पोखेका छन् । यतिबेला नेपाली कांग्रेसका नेताहरू १५औं महाधिवेशनको वार्मअपमा लागेका छन् । यस सन्दर्भमा भावी सभापतिका दाबेदार मानिएका नेताहरूले फरक-फरक मत राखेका हुन् ।

मेलमिलाप दिवसको अवसरमा चितवन पुगेका पूर्वमहामन्त्री डा. शशांक कोइरालाले कांग्रेसको महाधिवेशन २०८४ पछिमात्र गर्दा पनि हुने धारणा राखे जबकि अहिलेका महामन्त्री गगन थापाले भने तोकिएकै समयमा महाधिवेशन हुने दाबी गरे । 'वि.सं. २०८४ मा आमनिर्वाचन हुने छ । त्यसको दुई वर्ष पहिले नै महाधिवेशन हुनुपर्ने हो । होइन भने निर्वाचनपछि गराउँदा उत्तम हुन्छ,' कोइरालाले भने ।

निर्धारित समयमा अधिवेशन गराउँदा पार्टीभित्रको असन्तुष्टि हराए पनि निर्वाचनको मुखमा महाधिवेशन गराउँदा पार्टीभित्रको तिक्तता छताछुल्ल हुने बताए । यता महामन्त्री थापाले भने महाधिवेशन हुन्छ कि हुँदैन भनेर रुवाबासी नगर्न आग्रह गरे । मकवानपुरको हेटौंडा पुगेका थापाले भने, 'पार्टीका मञ्चहरूमा र केन्द्रीय समितिमा २०८४ को चुनाव र १५औं महाधिवेशनबारे कुरा गर्छौं, १५औं महाधिवेशन हुन्छ, रूवाबासी नगरौं । प्रतिबन्धितकालमा त सम्हालिएर आएको पार्टीले आनन्दसँग समयमै महाधिवेशन गर्छ ।'

महाधिवेशन पार्टीको नियमित प्रक्रिया भएको पनि उल्लेख गर्दै थापाले चुनावको चिन्ता अहिले नै गर्न नहुने तर्कसमेत गरे । 'को नेतृत्वमा आउने कुरा समयमा सोचौंला,' उनले भने, 'अहिले २०८१ मा छौं, काम गर्ने हो २०८४ को चुनावको चिन्ता गर्ने होइन ।'

### गगनमाथि शर्माको व्यंग्य

२०७९ को निर्वाचनपछि संसदीय दलको नेतामा भिडाउँदै गगनलाई भावी प्रधानमन्त्रीका रूपमा हेरेका महामन्त्री विश्वप्रकाश शर्माले उनीप्रति अविश्वास प्रकट गरे । 'सभापतिजी विस्तारै रिटायर्ड हुने क्रममा हुनुहुन्छ, विधानअनुसार अब उहाँ महाधिवेशनमा प्रतिस्पर्धा गर्न पाउनुहुन्न, पाँचपटक त प्रधानमन्त्रीको भारी बोकिसक्नुभयो,' पूर्वकर्मचारी समाज नेपालले मंगलबार काठमाडौंमा आयोजना गरेको कार्यक्रममा महामन्त्री शर्माले भने, 'अब उहाँलाई कतिपटक प्रधानमन्त्रीको भारी बोकाउने ? अरूले बोक्न अघि सर्नुस् भनेर मैले भनेको छु । तर उहाँलाई काँध थाप्छु भन्नेहरू अलि नसुरिएकोजस्तो बुझ्छु ।' गगनले पछिल्लोपटक देउवासँग निकटता बढाएका छन् ।

महामन्त्री शर्माले भने आफू मन्त्री पनि नबनेको र बन्ने इच्छासमेत नराखेको अवस्थामा अहिले नै पार्टी सभापति वा प्रधानमन्त्रीको दाबेदारका रूपमा नरहेको पनि बताए । 'म मन्त्री पनि बनेको छैन बन्ने इच्छा पनि छैन, प्रधानमन्त्री र सभापति भविष्यमा कुनै दिन नेतृत्व गर्ने दिन आउला तर अहिले नै दाबेदार होइन,' शर्माले गगनप्रति इंगित गर्दै भने, 'पाँचचोटि प्रधानमन्त्री भएका सभापतिजीलाई गाह्रो भइसकेको होला, म भारी बोकिदिन्छु भनेर सुरिनेहरूको अभाव पार्टीभित्र देखिरहेको छु । दिएदेखि खाउँला भन्ने हुँदैन, म बन्छु प्रधानमन्त्री भनेर दृढतापूर्वक उभिन सक्नुपर्छ ।'


क्रमशः पृष्ठ २ मा


## वर्ष २०२४

# एकै वर्ष तीन सरकार

## बिआरआईले बिग्रियो भारतसँगको सम्बन्ध

■ **जेबी योञ्जन**



**काठमाडौं–** सन् २०२४ को सुरुमा माओवादी अध्यक्ष पुष्पकमल दाहाल सत्तामा थिए । प्रतिनिधिसभाको पहिलो दल नेपाली कांग्रेसले दाहाललाई साथ दिएको थियो । उक्त वर्षको ४ मार्चमा तत्कालीन प्रधानमन्त्री दाहालले कांग्रेसबाट अर्थमन्त्री भएका डा. प्रकाशशरण महतले काम गर्न अड्चन गरेको र दीर्घकालीनरूपमा वाम एकताको आधार बनाउने भन्दै नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीसँग हात मिलाए । कांग्रेससँगको करिब १४ महिने सहकार्य तोडियो ।

यसको मूल कारण तत्कालीन अर्थमन्त्री महतले माओवादी पूर्वलडाकुलाई व्यवस्थापन गर्न आवश्यक रकम विनियोजन गर्न अस्विकार गरेकोमा दाहाल रुष्ट हुनु थियो । उता देउवा दाहालसँग बिच्किए । दाहालले धोका दिएको भनेर देउवाले सार्वजनिक तिक्तता पोखे ।

जतिबेला एमाले-माओवादी गठबन्धनमा रवि लामिछाने नेतृत्वको राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) पनि थियो । शक्तिशाली गठबन्धन बन्दा दाहाल निकै हौसिए । कतिसम्म भने गठबन्धन २०८४ सम्मै टिक्ने हाँक लगाए । तर, जुलाई २ सत्ता संघर्षको नयाँ मिति बन्यो । देउवा र ओलीले हात मिलाए । दाहाललाई हुत्याएर सडकमा पुऱ्याए । यसो गर्नुको उद्देश्य सरकारमा स्थायित्व, राजनीतिक स्थिरता, विकास निर्माणलाई गति दिन, संविधान संशोधन र सुशासन कायम गर्नुलगायत भनिएको थियो । उता दाहालले बिचौलियाले आफ्नो सरकार ढालेको भन्न भ्याए ।

पछिल्ला दिनमा दाहाल भ्रष्टाचारविरुद्ध निर्मम भएर अघि बढ्दा सडकमा पुऱ्याएको बताउँछन् । यसरी दाहालले आफू सत्ताविमुख हुनु पर्नाको अनेक कारण दर्शाए । तर, संसदीय राजनीतिक प्रणालीमा असंगतपूर्ण लाग्नेगरी संसद्को पहिलो दल कांग्रेसका सभापति देउवा र दोस्रो दल एमालेका अध्यक्ष ओलीबीच सहमतिपछि सत्ता सहकार्य भएको हो । ओली जुलाई २४ यता प्रधानमन्त्री छन् । दुई नेताबीच सत्ता सहकार्य संसद्को आधा-आधा कार्यकाल गर्ने भन्ने छ । यो सरकारलाई समर्थन जनमत, नागरिक उन्मुक्ति र लोकतान्त्रिक समाजवादीले समर्थन गरेका छन् । यी मसिना दलहरूको समर्थनले ओली दुईतिहाइ बहुमतप्राप्त प्रधानमन्त्रीको हैसियतमा छन् ।

यति हुँदाहुँदै ओली नेकपा सरकारको प्रधानमन्त्री हुँदाजस्तो 'रापिला' छैनन् । जनतामा आशा जगाउनेगरी 'बोल्ड एक्सन' चाल्न ओली धकाएका छन् । मतलब, उनलाई प्रमुख सत्ताघटक कांग्रेसले पाइलापाइलामा अठ्याउने गरेको छ । यस्तोमा प्रमुख प्रतिपक्षी नेकपा माओवादी केन्द्रका अध्यक्ष दाहालले आफू नेतृत्वको सरकारले सुरु गरेको सुशासन र भ्रष्टाचारविरोधी अभियान रोकेको आरोप लगाउने गरेका छन् । हुन पनि दाहाल सरकार छँदा चर्चित रहेका गिरिबन्धु टि-स्टेट काण्ड, बाँसबारी काण्ड, टीकापुर जग्गाकाण्डदेखि भुटानी शरणार्थीलगायत काण्ड सामसुम भए । यी काण्डहरूको छानबिन प्रभावित भएको छ, जसले दाहालले ओलीलाई सुशासन र भ्रष्टाचारविरोधी प्रधानमन्त्री भन्न मौका दिएको छ ।

हुन पनि संघदेखि प्रदेशसम्मै कांग्रेस-एमाले गठबन्धनको शक्तिशाली सरकारहरू छन् । संघमा उस्तै छ । यति हुँदाहुँदै पनि यस अवधिमा प्रदेश सरकार सबैभन्दा बढी अस्थिर बने । यस्तै, सन् २०२४ को जुन १० मा जनता समाजवादी पार्टी नेपालको महाधिवेशनले अध्यक्षमा उपेन्द्र यादवलाई नै निर्वाचित गऱ्यो । यादवलाई अध्यक्षमा चुनौती दिने प्रभावशाली नेता देखिएनन् । त्यससँगै २०६३ यता यादवको नेतृत्व लगातार भयो ।


- दाहालको जादूले काम गरेन, देउवा-ओलीले पुऱ्याइदिए सडकमा
- टिआरसी विधेयक पारित तर पदाधिकारी नियुक्ति अझै भएन
- रवि लामिछाने गृहमन्त्रीदेखि हिरासतसम्म
- ओलीको चीन भ्रमण, बिआरआई फ्रेमवर्कमा सम्झौता
- उपनिर्वाचनबाट माओवादीले स्थानीय तहमा आकार बढायो, कांग्रेसले घटायो
- एमालेमा फरक विचार राखेकै निहुँमा भीम रावल पार्टीबाट निष्काशित, विन्दा पाण्डे र उषाकिरण तिम्सेना निलम्बनमा


क्रमशः पृष्ठ २ मा


**सन्दर्भ: वैदेशिक रोजगार**

## वर्ष २०२४ मा वैदेशिक रोजगार

# झण्डै आठ लाख नेपाली रोजगारीका लागि विदेसिए




सन् २०२२ को डिसेम्बरदेखि सन् २०२३ को डिसेम्बरसम्म श्रम स्वीकृति लिएर विदेसिएकाको संख्या । *स्रोत: वैदेशिक रोजगार विभाग*

■ **विविशा पौडेल**

**काठमाडौं–** गएको एक वर्षमा झण्डै आठ लाख नेपाली रोजगारीका लागि विभिन्न मुलुकमा पुगेका छन् । वैदेशिक रोजगार विभागको तथ्यांकअनुसार गत वर्ष २०८० को पुसदेखि यस वर्षको मंसिर मसान्त (सन् २०२३ डिसेम्बर १७ देखि २०२४ डिसेम्बर १५) सम्मको अवधिमा सात लाख ९२ हजार ५९४ जना श्रम स्वीकृति लिएर वैदेशिक रोजगारीमा गएका हुन् । यो नयाँ तथा पुनः श्रम स्वीकृति लिएका श्रमिकको कूल संख्या हो ।

यसरी विदेसिनेमा महिलाको संख्या साढे १० प्रतिशत अर्थात् ८४ हजार ६५२ रहेको छ । बाँकी सात लाख सात हजार ९४२ जना पुरुष रहेका छन् । विभागको मासिक तथ्यांकअनुसार सबैभन्दा बढी मंसिर महिनामा ८४ हजार २२६ जना श्रम स्वीकृति लिएर विभिन्न मुलुकमा रोजगारीका लागि गएको देखिन्छ ।


क्रमशः पृष्ठ २ मा


## श्रम ऐन संशोधनका लागि सुझाव माग

**काठमाडौं (प्रस)–** श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले श्रम ऐन संशोधनका लागि सुझाव माग गरेको छ । मन्त्रालयले मंगलबार एक सूचना जारी गरी सरोकारवाला सबैसँग सुझाव माग गरेको हो ।

मन्त्रीस्तरीय निर्णयबाट 'श्रम ऐन, २०७४' संशोधन मस्यौदा तयार गर्न श्रम सम्बन्ध तथा सामाजिक सुरक्षा महाशाखा प्रमुखको संयोजकत्वमा एक कार्यदल गठन गरेको थियो । रोजगारदाता र श्रमिक संगठनको प्रतिनिधिसमेत रहेको कार्यदलले मस्यौदा तयारीको काम गरिरहेको मन्त्रालयले जनाएको छ । जारी सूचनामा संशोधनका लागि सुझाव पेस गर्दा कुन दफा/उपदफा वा खण्ड संशोधन गर्नुपर्ने हो सोको प्रस्ताव र कारण खुलाई मन्त्रालयको इमेलमा पठाउन आग्रह गरिएको छ ।

## वैदेशिक रोजगार बचतपत्र ११ प्रतिशतमात्रै बिक्री

**काठमाडौं (प्रस)–** सार्वजनिक ऋण व्यवस्थापन कार्यालयले जारी गरेको 'वैदेशिक रोजगार बचतपत्र-२०८६ (क)' को बिक्री निकै न्यून देखिएको छ । गत मंसिर १२ गते जारी भएको ५० करोड रूपैयाँबराबरको बचतपत्र आइतबार बिक्री बन्द भएको हो ।

वैदेशिक रोजगरमा रहेकाहरूलाई लक्षित गरी जारी गरिएको यो बचतपत्र करिब ११ प्रतिशतमात्रै बिक्री भएको कार्यालयले जनाएको छ । कार्यालयका सूचना अधिकारी मुकुन्द पोखरेलका अनुसार वैदेशिक रोजगार बचतपत्र पाँच करोड ४२ लाख रूपैयाँबराबरको बिक्री भएको छ । कार्यालयले जारी गरेको दुई अर्ब रूपैयाँबराबरको 'नागरिक बचतपत्र-२०८६ (क) भने सतप्रतिशत बिक्री भएको छ । नागरिक बचतपत्रमा साढे सात र वैदेशिक रोजगार बचतपत्रमा साढे आठ प्रतिशत ब्याज तोकिएको छ ।


क्रमशः पृष्ठ २ मा





## पृष्ठ १ बाट क्रमशः

## एकै वर्ष...

तर, यादव नेतृत्वको जसपा नेपाल फुट्यो । एमाले फुटाएर आएका नेता अशोककुमार राईले जसपा नेपाल फुटाए । जतिबेला प्रधानमन्त्री माओवादी अध्यक्ष दाहाल थिए । उनी र एमाले अध्यक्ष ओली आफ्नो दल फुटाउन जिम्मेवार रहेको यादवको आरोप थियो । हाल राईले नेतृत्व गरेको दल जसपाविरुद्ध कानुनी चुनौती अदालतमा छ । राईको दल भने ओली सरकारमा सहभागी छ ।

अर्कातिर, सन् २०२४ मा जसपा नेपालसँगै महाधिवेशन गर्ने दल नेकपा एकीकृत समाजवादी पनि हो । यो दल माधवकुमार नेपाल नेतृत्वको हो । एमालेबाट २०७८ भदौमा विभाजित भएका नेपालसहितका नेताहरू रहेको यो दलले जुलाई पहिलो साता काठमाडौंमा महाधिवेशन गऱ्यो । तर, महाधिवेशन प्रक्रिया, त्यसको म्यान्डेटअनुसार पोलिटब्युरो र पदाधिकारी चुनाव नहुँदा उक्त दल फुट्नबाट धन्नले जोगियो । नेतृ रामकुमारी झाँक्री, डा. विजय पौडेलसहितका एउटा पंक्ति नै असन्तुष्ट थियो । पार्टी फुटाएर एमालेमा जान मिल्नेगरी राजनीतिक दलसम्बन्धी अध्यादेश ल्याउन प्रधानमन्त्री ओलीलाई झाँक्रीसहितले भेटेरै आग्रह गरेका थिए । तर, कांग्रेस सभापति देउवा असहमत भए । माओवादी अध्यक्ष दाहालसहितका नेताहरू अध्यादेश नल्याउनका लागि दबाब दिन बालुवाटार नै पुगे । अन्ततः अध्यादेश रोकियो । पार्टी फुटको सम्भावना तत्कालका लागि टऱ्यो ।

माओवादीबाट विभाजन भई बनेको क्रान्तिकारी कम्युनिस्ट पार्टीको महाधिवेशन पनि डिसेम्बर चौथो साता भयो । महाधिवेशनले मोहन वैद्यलाई महासचिवमा सर्वसम्मत चयन गऱ्यो । वैद्य हाल बिरामी छन् । गत अगस्टमा सरकार बनाउन र भत्काउन समय खर्चेका प्रमुख दलले शान्ति प्रक्रियाको बाँकी काम निष्कर्षमा पुऱ्याउन टिआरसी विधेयक पारित गरे । शान्ति प्रक्रियाको यो महत्त्वपूर्ण कार्यभार हो । तर, पारित भएको कानुनअनुसार टिआरसीसम्बन्धी आयोगमामा पदाधिकारी सिफारिस गर्न सकेको छैन ।

टिआरसी ऐनमा मानवअधिकारका गम्भीर उल्लंघनबाहेकका मानवअधिकार उल्लंघनका दोषीलाई माफी दिएर पीडक र पीडितबीच मेलमिलाप गराउने प्रावधान छ । मानवअधिकारको गम्भीर उल्लंघनमा संलग्न देखिएका व्यक्तिउपर मुद्दा चलाउनुपर्ने देखिए घटना हुँदाको परिस्थिति, कारण, छानबिन, प्रतिवेदन र प्रमाणसहित महान्यायाधिवक्तासमक्ष सिफारिस गर्नुपर्ने व्यवस्था पनि गरिएको छ ।

जबर्जस्ती करणी वा गम्भीर यौनजन्य हिंसाका घटनाबाहेकका मानवअधिकारको गम्भीर उल्लंघनका अन्य घटना वा मानवअधिकार उल्लंघनका घटनामा प्रचलित कानुनबमोजिम २५ प्रतिशत सजायको मागदाबी लिनसक्ने व्यवस्था छ। फौजदारी अपराध संहिताअनुसार हत्याको कसूरमा जन्मकैदको सजाय हुन्छ, जुन २५ वर्ष हो । विधेयकले कानुनको रूप लिएपछि द्वन्द्वकालमा क्रूरतापूर्वक वा नियतपूर्वक कसैको हत्या गरेको कसूरमा दोषी करार हुनेलाई अब छ वर्ष तीन महिनामात्रै जेल सजाय हुन सक्ने छ ।

यस्तै, प्रधानमन्त्री ओलीले डिसेम्बर पहिलो साता चीन भ्रमण गरे । त्यहाँ उनले बहुचर्चित बेल्ट एण्ड रोड इनिसियटिभ (बिआरआई) फ्रेमवर्कमा 'एड फाइनान्सिङ' शब्द थपेर सम्झौता गरे । सम्झौतालाई लिएर प्रमुख सत्ताघटक कांग्रेसका केही नेता लगातार विरोध गरिरहेका छन् । यसलाई कतिपयले गठबन्धनमा विभाजन रेखा कोर्ने आधार मानेका छन् । यसबाहेक प्रधानमन्त्री ओलीको चीन भ्रमणपछि भारत झनै रुष्ट बनेको छ । किनभने ओलीले अघोषितरूपमा प्रधानमन्त्री भएपछि भारत पहिले भ्रमण गर्ने परम्परा तोडेका थिए । यससँगै झनै रुष्ट बनेपछि भारतले अहिलेसम्म प्रधानमन्त्री ओलीलाई भारत भ्रमणको निम्तो दिएको छैन ।

अर्कोतिर, प्रमुख प्रतिपक्षी दलले भ्रष्टाचारविरोधी अभियान रोकेको आरोप लगाएका बेला सहकारी ठगी अभियोगमा रास्वपाका सभापति रवि लामिछाने अक्टोबर १८ मा पक्राउ परे । गोरखा मिडिया नेटवर्कको प्रबन्ध निर्देशक भएका बेला पोखरा, रूपन्देही, चितवन, पर्सा र काठमाडौंका विभिन्न सहकारीमा बचत भएको सर्वसाधारणको रकम अपचलन गरेको अभियोगमा पक्राउ परेका थिए । हाल उनी अनुसन्धानका क्रममा प्रहरी हिरासतमा रहेका छन् भने हाल कास्की जिल्ला अदालतमा थुनछेक बहस चलिरहेको छ ।

सन् २०२४ को डिसेम्बर अन्तिम साता स्थानीय तहको उपनिर्वाचन भयो । उपनिर्वाचनबाट माओवादीले स्थानीय तहमा आकार बढायो। कांग्रेसले घटायो । स्वतन्त्र र नयाँ दलप्रतिको विकर्षण देखियो । अर्थात् पुराना दलप्रति नै जनमत देखियो । ४४ स्थानका लागि भएको उपनिर्वाचनमा पहिलो कांग्रेस १९, दोस्रो माओवादी ११, तेस्रो एमाले आठ पद जित्न सफल भएका थिए ।

डिसेम्बरको अन्तिमतिर भने एमाले अध्यक्ष ओलीले पार्टीका पूर्वउपाध्यक्ष भीम रावललाई पार्टीबाट हटाइदिए । स्थायी कमिटी सदस्य विन्दा पाण्डे र केन्द्रीय कमिटी सदस्य उषाकिरण तिम्सेनालाई छ महिना निलम्बन गरे । विवादित व्यवसायी मीनबहादुर गुरुङले एमाले केन्द्रीय कार्यालय बनाउन जग्गा दिने र दिएको जग्गामा कार्यालय बनाउने भन्ने निर्णयको उनीहरूले विरोध गरेका थिए । उनीहरूले प्रतिनिधि परिषद् बैठक र पोलिटब्युरो बैठकले एमाले आफैंले पार्टी कार्यालय निर्माण गर्ने निर्णय गरेको भन्दै आफैं बनाउनुपर्ने भनेका थिए । अन्ततः ओलीले उनीहरूमाथि कारबाहीको डण्डा चलाए । कारबाहीलाई लिएर एमालेमा आन्तरिक लोकतन्त्र संकटमा रहेको टिप्पणी भइरहेको छ ।

■■■

## मेलमिलाप दिवसमा...

कांग्रेसका सभापति देउवाले भने सबै नेपालीबीच एकता र मेलमिलाप भएमात्र राष्ट्रिय उद्देश्य पूरा हुने बताए । राष्ट्रिय एकता तथा मेलमिलाप दिवसको अवसरमा मंगलबार बिहान सोह्रखुट्टेमा आयोजित कार्यक्रमलाई सम्बोधन गर्दै देउवाले भने, 'पूर्वका होउन् वा पश्चिमका होउन्, विभिन्न चाहनाहरू होलान्, ती सबैलाई समन्वय गरेर, एकताको सूत्रमा बाँधेर राष्ट्रिय एकतालाई संसारमा नै स्थापित गर्न सक्छौं ।'

### सरकारविरुद्ध असन्तुष्टि बढेको नेताहरूको भनाइ

नेपाली कांग्रेसका महामन्त्रीद्वय थापा र शर्माले सरकारविरुद्ध जनताको असन्तुष्टि बढ्न थालेको बताएका छन् । थापाले नेपाली जनता समस्याले उकुसमुकुस भएको भन्दै समाधानका लागि आफ्नो पार्टीले सम्बोधन गर्नुपर्ने बताए ।

'आजको दिनको नेपाली समाजको सबैभन्दा ठूलो समस्या भनेको प्रगतिको भोक छ, त्यसमा हामीले सोच्नुपर्ने छ,' थापाले भने, 'जनता छन्, उनीहरूसँग समस्या छन्, त्यसको समाधान कांग्रेसले पूरा गरिदियोस् भन्ने छ । पुराना कुरामा अड्किएर बस्ने होइन । नेपाली समाज उकुसमुकुस छ । त्यसलाई हामीले सम्बोधन गर्नुपर्ने छ ।'

यसैगरी अर्का महामन्त्री शर्माले सरकारको काम गराइप्रति असन्तुष्टि देखिएको बताए । 'चोकबजारमा व्यापक असन्तुष्टि छ । सबै मान्छेमा केही न केही आक्रोश छ । सबैसँग प्रश्न छ, सबैलाई सबैसँग गुनासो छ,' शर्माले भने । यस विषयमा आफूले गर्नुपर्ने कामको जिम्मेवारी बोध भने गराउनुपर्ने उनको भनाइ थियो ।

■■■

## झण्डै आठ...

गत जेठ महिनामा दोस्रो बढी ७२ हजार ८६१ जना विदेसिएको तथ्यांक छ । यस्तै गत कात्तिकमा ७० हजार ९९० जना, गत वर्षको चैतमा ७० हजार ९३३ जना, गत वैशाखमा ७० हजार ६३७ जना, गत वर्ष पुसमा ६५ हजार ८१३ जना, फागुनमा ६५ हजार ६५८ जना तथा माघमा ६२ हजार १४७ जनाले वैदेशिक रोजगारीमा जान श्रम स्वीकृति लिएका थिए । यसैगरी साउनमा ५९ हजार ५७५ जना, असारमा ५८ हजार ७३६ जना, भदौमा ५७ हजार ४९३ जना र असोजमा ५३ हजार ५२५ जना विदेसिएको विभागले जनाएको छ ।

तथ्यांकअनुसार उक्त अवधिमा विदेसिनेको संख्या अघिल्लो वर्षको सोही अवधिको तुलनामा ९५ हजार ८२८ ले बढेको छ । सन् २०२२ को डिसेम्बरदेखि सन् २०२३ को डिसेम्बरसम्म श्रम स्वीकृति लिएर विदेसिनेको संख्या छ लाख ९६ हजार ७६६ रहेको थियो । यो तथ्यांकले वैदेशिक रोजगारीमा जानेको संख्या पछिल्लो वर्ष झन् बढेको देखाउँछ ।

मुलुकमा रोजगारीको अवसर नहुँदा वैदेशिक रोजगारीमा जानुपर्ने बाध्यता रहेको छ । हाल दैनिक दुई हजार भन्दा बढी संख्यामा नेपाली कामदार रोजगारीका लागि विदेस जाने गरेको तथ्यांकमा देखिन्छ । सरकारले बाध्यात्मक वैदेशिक रोजगारलाई अन्त्य गर्ने बताए पनि त्यसतर्फ खास काम हुन नसकेको सरोकारवालाहरू बताउँछन्, जसलाई तथ्यांकले पनि पुष्टि गर्छ । रोजगारीका लागि विदेसिनेको लहर दिनप्रतिदिन बढ्दै जाँदा गाउँघर भने युवाविहीन बन्दै गएका छन् । यसरी विदेसिनेले मुलुकमा रेमिटयान्स भित्र्याउन योगदान गरे पनि युवा जनशक्तिको पलायनले दीर्घकालीन रूपमा मुलुकमा समस्या निम्त्याउने विज्ञहरूको भनाइ छ ।

■■■

## वैदेशिक रोजगार ...

बचतपत्रको ब्याज प्रत्येक छ महिनामा सम्बन्धित खरिदकर्ताको बैंक खातामा सोझै भुक्तानी हुन्छ।

यस्ता बचतपत्रको ब्याजदर बैंकको मुद्दती निक्षेपभन्दा आकर्षक भए पनि यसको महत्त्व र फाइदाबारे धेरै नागरिकलाई जानकारी छैन । लगानीका लागि धेरैले घरजग्गा, सुनचाँदी, पुँजीबजार र मुद्दती निक्षेपजस्ता क्षेत्रलाई प्राथमिकता दिने गरेका छन् । जबकि लगानीका यी विकल्पभन्दा सहज, सुरक्षित र आकर्षक प्रतिफल मानिने सरकारी उपकरण 'बचतपत्र' को चर्चा न्यून हुने गरेको छ । बचतपत्र लगानीका लागि उत्कृष्ट विकल्प हो । तर, यसको प्रचार-प्रसारको अभाव, प्रक्रियागत जटिलता र दोस्रो बजारको सीमित जानकारीका कारण यो उपकरणप्रति लगानीकर्ता आकर्षित हुन सकेको देखिँदैन ।

---


### बीमालेख हरायो

मिति २०८१/०८/११ गते, भैरवाबाट काठमाडौं आउने क्रममा मेरो निम्न व्यहोरा भएको बीमालेख हराएको हुँदा पाउनु हुने महानुभावले नजिकको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनु हुन विनम्र अनुरोध गर्दछु ।

**नाम : इनिक ढुङ्गाना**
**बीमालेख नं : ५०७००००१०**
**Sanima reliance life insurance Ltd**
**ठेगाना : ताहाचल-१३, काठमाडौं**
**सम्पर्क नं : ९८५११३२९४२**


---

**नेपाल सरकार**
**दावी विरोध सम्बन्धी**
**वैदेशिक रोजगार विभागको सूचना**

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय संचालन गर्न इजाजतपत्र प्राप्त संस्था **श्री Global Recruitment Group Pvt.Ltd. (ई.प.नं.१५३५/०७८/७९) को साविक काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं. ७ मा कार्यालय रहेको साविकको ठेगाना परिवर्तन गरी काठमाडौं जिल्ला टोखा नगरपालिका वडा नं. १०** कायम गर्न माग भई आएकोले उक्त प्रा.लि.को माग बमोजिम साविकको नाम परिवर्तन गर्दा कोही कसैलाइ मर्का पर्ने भएमा यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र यस विभागको संस्था दर्ता शाखामा उजुरी/निवेदन पेश गर्नु हुन अनुरोध छ । अन्यथा कानुन बमोजिम भई जाने व्यहोरा समेत यसै सूचनाद्धारा जानकारी गराइन्छ ।

---

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय कम्पनी रजिष्ट्रारको कार्यालयको**

### कम्पनी दर्ता खारेज गरिएको सूचना

*(दोस्रो पटक प्रकाशित मिति २०८१/०९/१५ गते)*

यस कार्यालयमा २०५८/०९/२६ मा दर्ता भएको प्रा.लि.नं.१७५९८ को **हेटौडा मल्टीप्रपोज कम्पनी प्रा.लि.**नामक कम्पनी यस कार्यालयको मिति २०८१/०९/०९ गतेको निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ को उपदफा (१) वमोजिम दर्ता/स्वेच्छिक खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो **सूचना** प्रकाशित गरिएको छ ।

---


### जापानमा रोजगार

कम्पनी : **Asia creation cooperation**
पूर्व स्वीकृति मिति : २०८१/०८/१० | LT. No. 314221 | चलानी नं. ६०२३०५९१

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलब | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | YEN | ने.रू. | | | | | | | |
| 1 | Painting | 2 | 0 | 180000 | १५७,६५० | क.नि. अनुसार | ८ घण्टा | ५ दिन | क.नि. अनुसार | छैन | छैन | ३ वर्ष |

कम्पनी : **ASIA CREATION COOPERATIVE**
पूर्व स्वीकृति मिति : २०८१/०९/१६ | LT. No. 316321 | चलानी नं. ६०२३०५८८

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलब | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | YEN | ने.रू. | | | | | | | |
| 1 | SCAFFLDING | 3 | 0 | 200000 | १७५,१६५ | क.नि. अनुसार | ८ घण्टा | ५ दिन | क.नि. अनुसार | छैन | छैन | ३ वर्ष |

कम्पनी : **Takane gumi Co.Ltd.**
पूर्व स्वीकृति मिति : २०८१/०९/२०३१ | LT. No. 315514 | चलानी नं. ६०२३०५९२

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलब | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | YEN | ने.रू. | | | | | | | |
| 1 | Scaffolding | 3 | 0 | 181790 | १५९,२१५ | क.नि. अनुसार | ८ घण्टा | ५ दिन | क.नि. अनुसार | छैन | छैन | ३ वर्ष |

कम्पनी : **ASIA CREATION COOPERATIVE**
पूर्व स्वीकृति मिति : २०८१/०९/२०३१ | LT. No. 315515 | चलानी नं. ६०२३०५९०

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलब | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | YEN | ने.रू. | | | | | | | |
| 1 | Plastering | 2 | 0 | 175000 | १५३,२७० | क.नि. अनुसार | ८ घण्टा | ५ दिन | क.नि. अनुसार | छैन | छैन | ३ वर्ष |

■ **प्रशिक्षार्थीको आवश्यक न्यूनतम योग्यता र काम गरेको अनुभव:**
(क) नेपाली नागरिक हुनुपर्ने । (ख) प्रशिक्षार्थीको उमेर १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको हुनुपर्ने । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरूमा तीन वर्ष पूर्व दर्ता भई सञ्चालन भई रहेका औद्योगिक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघ संस्था, होटल, पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (घ) कृषि सम्बन्धि कामको निमित्त सम्बन्धित उद्यम/उद्योग वा सम्बन्धित विषयको सहकारी वा सामुदायिक संस्थामा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (ङ) प्रशिक्षार्थीले जापानमा प्रशिक्षार्थी कामदारको रूपमा खोजेको विषयमा नै नेपालको उद्योग, प्रतिष्ठान, संस्था वा निकायहरूमा काम गरिरहेको हुनुपर्ने । (च) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिएको हुनुपर्ने ।

■ **दरखास्त साथ पेश गर्नुपर्ने आवश्यक कागजातहरू:**
(क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ख) राहदानी प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरूमा तीन वर्ष पूर्व दर्ता भई सञ्चालन भई रहेका औद्योगिक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघ संस्था, होटल, पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव सम्बन्धि प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (घ) कामदार जापानमा प्रशिक्षार्थी कामदारको रूपमा जान खोजेको विषयमा नै नेपालको उद्योग, प्रतिष्ठान, संस्था वा निकायहरूमा काम गरिरहेको हुनुपर्नेछ । (ङ) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिई उत्तीर्ण गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (च) अभिमुखिकरण तालिम लिएको सक्कल प्रमाणपत्र । (छ) नेपालमा आफू कार्यरत रहेको सम्बन्धित उद्योग, प्रतिष्ठान, निकाय वा संस्थाको सिफारिस र नेपाल फर्कि आएपछि पुनः काममा लगाउनेछु भनी सम्बन्धित संस्थाले गरेको प्रतिवद्धता पत्र । (ज) प्रशिक्षार्थी कामदारको रूपमा तालिम लिई नेपाल फर्किएपछि सम्बन्धित उद्योगमा नै काम गर्ने भनि आफू कार्यरत संस्था वा निकाय समक्ष गरेको प्रतिवद्धता सम्बन्धि कागजातको प्रतिलिपि ।
१. दरखास्त बुझाउनु पर्ने स्थान र अन्तिम मितिः स्थानः प्रा.लि.को कार्यालय, मितिः यो सूचना प्रकाशित भएको मितिले ८ दिन भित्र ।
२. प्रशिक्षार्थीले तिर्नुपर्ने (सेवा शुल्क, यातायात, भिषा तथा प्रवर्द्धन खर्च समेतको) कूल खर्चः निःशुल्क
३. प्रशिक्षार्थी छनौट गर्ने तरिका, मिति र स्थानः छनौट तरिकाः अन्तर्वार्ता, स्थानः प्रा.लि.को कार्यालय र अन्तर्वार्ता मितिः पछि प्रकाशित गरिनेछ ।

**नोटः** वैदेशिक रोजगार ऐन, २०६४ को दफा ९ बमोजिम महिला, दलित, आदिवासी जनजाति, उत्पीडित वर्ग, पिछडिएको क्षेत्र तथा वर्ग एवं दुर्गम क्षेत्र तथा दैवीप्रकोप पीडित व्यक्तिलाई नेपाल सरकारले तोके बमोजिमको संख्यामा आरक्षण प्रदान गरिने छ ।

■ **नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:**
१) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भरपाई अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरू साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापनमा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोस । ४) विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्स तालिम अनिवार्य लिनुहोस । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।
द्रष्टव्यः यस विषयमा थप केही कुरा बुझ्न परेमा यस प्रा.लि.मा सम्पर्क गर्न सक्नुहुनेछ ।

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ पौष २४ गते (8th Jan. 2025) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**D.N. International Nepal Overseas Employment Agency Pvt. Ltd.**
श्रम इजाजत नं. १४४/०५६/०५७
Maharajgunj, Chakrapath, Ktm, Tel: 01-5910241/5910242/1-4016209
E-mail :info@dninepal.com,Website:www.dninepal.com


---


### युएइमा रोजगार

कम्पनी : **FLORENC HOME HEALTH CARE SERVICES CENTER L.L.C**
पूर्व स्वीकृति मिति : २०८१/०८/२६ | LT. No. 315296 | चलानी नं.६०२२९५८४

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलब | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | AED | ने.रू. | | | | | | | |
| 1 | Registered Nurses Females | 0 | 24 | 6000 | २२४,३२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : **FAST BLDG. CONT. CO. LLC.**
पूर्व स्वीकृति मिति : २०८१/०८/२६ | पुन विज्ञापन स्वीकृति मिति : २०८१/०९/१६ | LT. No. 315295 | चलानी नं.६०२२९५८५

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलब | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | AED | ने.रू. | | | | | | | |
| 1 | AC Technicians | 10 | 0 | 1400 | ५२,३४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Electrician | 25 | 0 | 1200 | ४४,८६५ | | | | | | | |
| 3 | Labour | 40 | 0 | 900 | ३३,६५० | | | | | | | |
| 4 | Masion | 25 | 0 | 1200 | ४४,८६५ | | | | | | | |
| 5 | Masion | 25 | 0 | 1200 | ४४,८६५ | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ पौष २४ गते (8th Jan. 2025) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**FRONTLINE RECRUITMENT PVT.LTD.**
Sinamangal-9, Kathmandu, Nepal, Telephone: 01-4593645, 4593646, 4593647, Mob: 9851100134, 9818819581, 9804705263, Email: info@manpoweragencynepal.com
Govt. License 886/067/068


---

### नेपालगंज उप-महानगरपालिका
### नगर कार्यपालिकाको कार्यालय

**नेपालगंज, बाँके**
**लुम्बिनी प्रदेश, नेपाल**

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**सूचना प्रकाशित मिति : २०८१/०९/१७**

यस उपमहानगरपालिकाको तपशिल बमोजिमको ठेक्कामा पर्न आएका बोलपत्रहरु मध्ये न्यूनतम् मूल्यांकित सारभूत रुपमा प्रभावग्राही देखिएका तपशिल बमोजिमका बोलपत्रदाता छनौट भएकोले सम्बन्धित सबैको जानकारीको लागि यो बोलपत्र स्वीकृत गर्ने आशयको सूचना प्रकाशित गरिएको छ ।

**तपशिल**

| सि. नं. | ठेक्का विवरण | छनौट भएको निर्माण ब्यवसायी तथा फर्मको नाम र ठेगाना | स्वीकृत कबोल अंक (रु) |
|---|---|---|---|
| १. | Asphalt Road Construction work at ward No 4 and 19 बोलपत्र न. NSMC/NCB/W01/2081-82 | श्री निरज एण्ड निराजन बिल्डर्स नेपालगन्ज -१८, बाँके | रु. १,१३,४०,०७४/०० (भ्याट र पि.एस. बाहेक) |

**प्रमूख प्रशासकीय अधिकृत**

---


### साउदीमा रोजगार

कम्पनी : **Company NIM AL-DYAFA AL-MUTAKHISA Subsistence Services**
पूर्व स्वीकृति मिति : २०८१/०९/१६ | LT. No. 315952 | चलानी नं. ६०२३०५७६

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलब | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | SR | ने.रू. | | | | | | | |
| 1 | Waiters | 1 | 0 | 1300 | ४३,८५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ पौष २४ गते (8th Jan. 2025) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Janashakti International Services Pvt. Ltd.** श्रम इजाजत नं. ९९९/०६८/०६९
Basundhara-3, Kathmandu, Nepal. Tel: +977-1-4964020 Cell No: +977-9851093031, 9762902411, 9844661381, 9815039898, 9813413654, 9846702764,9851105682,9851084742, Email : info@jisnepal.com, Web: www.janashaktiintl.com



### युएइमा रोजगार

कम्पनी : **SPARK SECURITY SERVICES-SOLE PROPIETORSHIP LLC**
पूर्व स्वीकृति मिति : २०८१/०९/१६ | LT. No. 316299 | चलानी नं. ६०२३०६४३

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलब | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | AED | ने.रू. | | | | | | | |
| 1 | Security Guard | 125 | 50 | 2000 | ७४,७७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ पौष २४ गते (8th Jan. 2025) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Tenduli International Employment Service Pvt. Ltd.** Govt. License 304/059/60
New Baneshwor-34 Kathmandu, Nepal. Tel: +977 1-5919243, 01-4568734, Mobile: 9851083996, 9813083335, Email: info@tendulimanpower.com.np, Web: www.tendulimanpower.com.np



### साउदीमा रोजगार

कम्पनी : **Halfa Nashi Saeed Al Shammari Contacting Est.**
पूर्व स्वीकृति मिति : २०८१/०९/१६ | LT. No. 316300 | चलानी नं. ६०२३०५९९

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलब | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | SR | ने.रू. | | | | | | | |
| 1 | gen. product worker | 4 | 0 | 1200 | ४३,८५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ पौष २४ गते (8th Jan. 2025) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**HALESI OVERSEAS PVT LTD** Govt. License No. 1161/073/74
Gaushala-9, Ratopul, Kathmandu, Nepal, Tel: 4489975, Mob: 9851057208, E-mail : halesioverseas074@gmail.com


---

### मकवानपुरगढी गाउँपालिका
### गाउँ कार्यपालिकाको कार्यालय

**मक्राञ्चुली, मकवानपुर**
**बागमती प्रदेश, नेपाल**

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**(प्रकाशित मिती : २०८१/०९/१५)**

यस मकवानपुरगढी गाउँपालिकाले मिति २०८१/०८/०५ गते प्रथम पटक प्रकाशित बोलपत्र आह्वानको सूचना बमोजिम रितपूर्वक पेश हुन आएका बोलपत्रहरु उपर मूल्यांकन प्रकृया कारबाही गर्दा सारभूत रूपमा प्रभावग्राही न्यूनतम् मूल्यांकित तपशिलका बोलपत्रहरु स्वीकृतका लागि सार्वजनिक खरिद ऐन २०६३, को दफा २७ को उपदफा २ र सोही ऐनको दफा ४७ को प्रयोजनार्थ लागि सम्बन्धित सबैमा यो सूचना प्रकाशन गरिएको छ ।

**तपशिल**

| क्र. सं. | ठेक्का नं. | ठेक्का विवरण | बोलपत्रदाताको नाम र ठेगाना | कबोल अंक (मु.अ. कर र पि.एस. समेत) ने.रू. |
|---|---|---|---|---|
| 1. | 07/MGRM/NCB/WORKS/2081/082 | Construction Of Sahid Rudra Smriti Park, Makawanpurgadhi-4 | M/S Pradesh Sambriddhi Construction and Suppliers Pvt. Ltd., Hetauda-11, Nawalpur | 37,90,140.41 |
| 2. | 08/MGRM/NCB/WORKS/2081/082 | Construction Of Kalimati Sanosalle Road, Makawanpurgadhi-6 | M/S Pradesh Sambriddhi Construction and Suppliers Pvt. Ltd., Hetauda-11, Nawalpur | 36,14,994.46 |

**प्रमूख प्रशासकीय अधिकृत**

पाठेघरको मुखको 'क्यान्सर' जाँच शिविर

# ११० जनाको 'स्क्रिनिङ' गर्दा चार जनाको 'पोजिटिभ'

**काठमाडौं–** समुदायका महिला र विद्यालयका कर्मचारीलाई पाठेघरको मुखको क्यान्सर जाँच (स्क्रिनिङ) गरी यसको प्रारम्भिक पहिचान, सचेतना तथा समयमै रोकथाममा सहयोग पुऱ्याउने ध्येयले स्वास्थ्य शिविर आयोजना गरिएको छ।

मेरीस्टोप्स इन्टरनेसनलसँगको सहकार्यमा रोटरी क्लबसँग आबद्ध महिला समूहद्वारा तारकेश्वर नगरपालिका-१० स्थित मनमैजुमा आयोजित सो शिविरमा ११० महिलाको पाठेघरको मुखको क्यान्सर जाँच गरिएको थियो भने विद्यालयमा अध्ययनरत १५० छात्रालाई पाठेघरको मुखको क्यान्सरविरूद्धको 'ह्युमन पापिलोमा भाइरस' (एचपिभी) खोपको महत्त्व एवं सचेतना गराइएको थियो।

'भिजुअल इन्स्पेक्सन विथ एसेटिक एसिड' (भिआइए) विधिबाट स्क्रिनिङ गरिएकामध्ये चार महिलाको नतिजा पोजिटिभ देखिएको थियो। ती महिलालाई आवश्यक परामर्श दिएर क्यान्सर अस्पताल भक्तपुर एवं भरतपुर 'रेफर' गरिएको थियो।

शिविरिमा वरिष्ठ स्त्रीरोग विशेषज्ञद्वय डा. कस्तुरी मल्ल र डा. विमला लाखे तथा नर्सद्वय विष्णुदेवी श्रेष्ठ र कल्याणी श्रेष्ठले सेवा प्रदान गरेका थिए। शिविरले समुदायमा आधारित स्वास्थ्य पहलको महत्त्व र महिलाको स्वास्थ्य सुधार गर्न विशेषगरी पाठेघर मुखको क्यान्सरजस्ता स्वास्थ्य समस्यामा साझेदारीको भूमिकालाई उजागर गरेको जनाइएको छ। यस संयुक्त प्रयासले पाठेघरको क्यान्सर रोकथामसम्बन्धी सचेतना वृद्धि गर्नुका साथै यसको महत्त्वलाई पनि जोड दिएको आयोजकले जनाएका छन्।

प्रजनन स्वास्थ्य शिविरले मेरीस्टोप्स सेन्टरले प्रदान गर्ने सेवाका बारेमा समुदायस्तरमा जानकारी बढाउन सहयोगी सावित भएको मेरीस्टोप्स इन्टरनेसनल (एमएसआई)का वरिष्ठ सल्लाहकार केपी उपाध्यायले जानकारी दिए। स्वास्थ्य तथा जनसंख्या मन्त्रालयसँगको समन्वयमा मेरीस्टोप्स सेन्टरले यौन तथा प्रजनन स्वास्थ्य सेवासँग सम्बन्धित सेवा प्रदान गरिराखेको छ।

सरकारले किशोरीलाई पाठेघरको मुखको क्यान्सरबाट जोगाउन आगामी माघ २३ गतेबाट खोप अभियान सञ्चालन गर्दै छ। पन्ध्र दिनसम्म चल्ने अभियानअन्तर्गत कक्षा ६ देखि १० सम्म र विद्यालयबाहिर रहेका १० देखि १४ वर्ष उमेर समूहका १६ लाख ८८ हजार ९०० किशोरीलाई खोप लगाइने बाल स्वास्थ्य तथा खोप शाखाका प्रमुख डा. अभियान गौतमले जानकारी दिए। पाठेघरको मुखको क्यान्सरको जोखिम बढाउने मुख्य कारण ह्युमन पापिलोमा भाइरस संक्रमण रहेकाले त्यसविरूद्ध खोप लगाउनुपर्ने हुन्छ। *रासस*

# धुलिखेलमा तीन महिनापछि खानेपानी वितरण

**काभ्रेपलाञ्चोक–** धुलिखेल खानेपानी आयोजनाको आंशिक पुनर्निर्माणपछि पानी वितरण सुरु भएको छ। गत असोज दोस्रो साताको बाढीपहिरोले आयोजनामा क्षति पुऱ्याएपछि नगरक्षेत्रमा खानेपानी अवरुद्ध थियो। दुई हप्ता लगाएर क्षतिग्रस्त स्थानमा पाइप जडान गरी पानी वितरण सुरु गरिएको धुलिखेल खनोपानी तथा सरसफाइ समितिले जनाएको छ।

उक्त आयोजनाको मुहानक्षेत्र पनौती नगरपालिका-१२ स्थित पाल्पाले गाउँको विभिन्न स्थानमा करिब दुई किलोमिटर मुख्य पाइपमा क्षति पुगेको थियो। आयोजनाबाट तीन हजार २०० घरमा खानेपानी वितरण भएको छ। हाल धुलिखेलस्थित मुख्य ट्यांकीमा पानी आइसकेपछि वितरणका क्रममा पाँच लाख लिटरको अर्को ट्यांकीमा प्राविधिक समस्या देखिएकाले केही वडामा पानी वितरण गर्न एक/दुई दिन लाग्ने समितिका अध्यक्ष कृष्णभूषण श्रेष्ठले बताए। उनका अनुसार तत्काल अस्थायी रूपमा आयोजना मर्मत गर्न १९ लाख ७९ हजार रूपैयाँ खर्च भएको छ।

आयोजनाको स्थायी पुनर्निर्माण गर्न तीन करोड ५१ लाख रूपैयाँ लाग्ने प्रारम्भिक अनुमान गरिएको छ। पुनर्निर्माणका लागि गत कात्तिक तेस्रो साता जर्मन सरकारले सहयोग गर्ने प्रतिबद्धता जनाएको छ। नगरप्रमुख अशोक ब्याञ्जूको टोलीले नेपालका लागि जर्मनीका राजदूत डा. थोमस प्रिन्जसँग भेट गरी क्षतिग्रस्त आयोजनाको पुनर्निर्माणमा सहयोगका लागि अनुरोध गरेको थियो। जर्मन सहयोग नियोग (जिआइजेड)मार्फत नेपालस्थित दूतावासले प्रस्तावको कार्यान्वयनस्वरूप एक करोड ४५ लाख रूपैयाँ सहयोग गर्ने प्रतिबद्धता जनाएको ब्याञ्जूले जानकारी दिए। जर्मनीबाट प्राप्त सो रकम आयोजनाको इन्टेक, पाइप तथा अन्य भौतिक संरचना पुनर्निर्माणमा खर्च गरिने जनाइएको छ। *रासस*


नेपाल सरकार
ऊर्जा, जलश्रोत तथा सिंचाइ मन्त्रालय
जलस्रोत तथा सिंचाइ विभाग
महाकाली सिचाइ व्यवस्थापन कार्यालय
महेन्द्रनगर, कंचनपुर

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

सूचना प्रकाशित मिति: २०८१/०९/१७ (बुधबार)

यस कार्यालयबाट मिति २०८१/०८/१७ गते " प्रभाव" राष्ट्रिय दैनिकमा प्रकाशित बोलपत्र सम्बन्धि सूचना अनुसार दाखिल हुन आएका बोलपत्रहरूको मुल्यांकन गर्दा तपसिल बमोजिमको बोलपत्र न्युनतम मुल्यांकित सारभूत रूपमा प्रभावग्राही देखिएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७(२) को प्रयोजनार्थ बोलपत्रहरूको सम्बन्धित सबै बोलपत्रदाताहरूलाई जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल

| क्र. स | ठेक्का न. | निर्माण कार्यको विवरण | बोलपत्र दाताको नाम | कबोल रकम रु. (उक र मु.अ.क सहित) |
|---|---|---|---|---|
| १ | MIMO/TMBJSP/ Kailali-1/NCB-02/081/082 | Deep Tube Well Drilling, Pump Test, Pump Installment, Pump house construction, Electrification work and pipe distribution system development in Bardagoria-5, Lamki-1,3&4 in Kailali District (Kailali North) | Uchchakoti Nirman Sewa Pvt. Ltd., Dhangadhi-3, kailali | NRs. 1,96,36,073.08 |

कार्यालय प्रमुख

गौरीगञ्ज गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गौरीगञ्ज, झापा

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

मिति २०८१/०९/१७

यस कार्यालयबाट मिति २०८१/०८/०६ गतेको दिन सौर्य राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित (Contract Identification No:- GRMW/NCB/WORKS/10/2081-82, GRMW/NCB/WORKS/11/2081-82/GRMW/NCB/WORKS/12/2081-82) कार्य गर्नको लागि आव्हान भएको बोलपत्रको सूचना बमोजिम प्राप्त हुन आएको बोलपत्रहरूबाट तपशिल बमोजिमको बोलपत्रदाता स्वीकृतिको लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७(२) बमोजिम बोलपत्र स्वीकृत गर्न आशयको सूचना प्रकाशित गरिएको छ ।

| सि.नं | योजनाको नाम | बोलपत्र नं | छनौट भएको बोलपत्रदाताको नाम र ठेगाना | कबोल रकम रू. (मु.अ.कर सहित) |
|---|---|---|---|---|
| १ | Nayahat ma bajar byawasthapan tatha tahara nirman | GRMW/NCB/ WORKS/10/2081-82 | प्रसाई बन्धु निर्माण सेवा, गौरीगञ्ज गा पा-६ झापा | ३३,३९,०००.५१ |
| २ | Gauri sahakari sanstha dekhi paschim gyankunja jane sadakma drain sahit kalopatre sadak nirman | GRMW/NCB/ WORKS/11/2081-82 | पिरामिड कन्सट्रकसन प्रा. लि., शिवासताक्षी न पा-६ झापा | ३३,१८,६७८.५३ |
| ३ | Bipanna awash nirman kramagat | GRMW/NCB/ WORKS/12/2081-82 | दधिना कन्सट्रकसन प्रा. लि., सुनबर्षी गा पा २ मोरङ्ग | ३१,७९,१८३.७३ |

प्रमुख प्रशासकीय अधिकृत


# 'बालबालिकाका लागि छुट्टै बजेटको व्यवस्था गर्नुपर्छ'

**काठमाडौं (प्रस)–** उपसभामुख इन्दिरा राना मगरले बालबालिकाको समग्र विकासका लागि सरकारले छुट्टै बजेटको व्यवस्था गर्नुपर्ने बताएकी छन्।

राष्ट्रिय बालअधिकार परिषद्, एकीकृत हातेमालो समाज नेपाल र अनाहत नेपालले यहाँ मंगलबार आयोजना गरेको 'मानव बेचबिखन र बालअधिकार संरक्षण, नीति र अभ्याससम्बन्धी संवाद' विषयक कार्यक्रममा उपसभामुख रानाले मानव बेचबिखन र बालबालिकाको संरक्षणका निम्ति सबैभन्दा बढी स्थानीय तह नै जिम्मेवार हुनुपर्ने बताइन्। प्रतिनिधिसभा सदस्य, प्रदेशसभा सदस्य, गाउँपालिका राष्ट्रिय महासंघ नेपाल, नेपाल नगरपालिका संघ, सरोकारवाला मन्त्रालय, विभाग, आयोग, कार्यालयलगायतका सरोकारवाला निकायका प्रतिनिधिसँगको छलफलमा उनले भनिन्, 'मानव बेचबिखनको बारेमा सबैभन्दा बढी प्रत्येक वडा जिम्मेवार हुनुपर्छ, किन भने वडा कार्यालयलाई आफ्नो वडाभित्र के भइरहेको छ, त्यो वडालाई नै थाहा हुन्छ।'

सांसद रञ्जुकुमारी झाले विशेषगरी भिजिट भिसामा विदेश जाने महिला नै सबैभन्दा बढी पीडित हुने गरेका बताइन्। महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयका उपसचिव तथा मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण शाखा प्रमुख मीना पौडेलले चालु आर्थिक वर्षको पछिल्लो पाँच महिनामा भारतसँगको समन्वय र सहकार्यमा मानव बेचविखन परेका ४२ किशोर किशोरीलाई भारतबाट उद्धार गरी पारिवारिक पुनःमिलन गरिएको जानकारी दिइन्।

एकीकृत हातेमालो समाज नेपालका अध्यक्ष डिल्लीराम गिरीले पछिल्लो समय विकसित सूचना, सञ्चार र प्रविधिको विकाससँगै मानव बेचबिखनको अवस्था झन् झन् बढ्दै गएको उल्लेख गर्दै यसको अन्त्यका लागि सबै लाग्नुपर्नेमा जोड दिए।

अधिकारकर्मी नर्वदा सोरालीले मानव बेचबिखनजस्तो जघन्य अपराधलाई राज्यले गम्भीरतापूर्वक लिनुपर्ने धारणा राखिन्। प्रतिनिधिसभा र प्रदेशसभाका सांसदहरूले संशोधनको क्रममा रहेको मानब बेचबिखन तथा ओसारपसार (नियन्त्रण ऐन, २०६४) जतिसक्दो चाँडो संसद्बाट पारित गरेर व्यावहारिकरूपमा प्रभावकारी कार्यान्वयन गर्नुपर्नेमा जोड दिए। डोटीको जोरायल गाउँपालिकाका अध्यक्ष दुर्गादत्त ओझाले मानव बेचबिखन रोक्न आफ्नो गाउँपालिका कटिबद्धरूपमा काम गर्दै आएको बताए।


Province Government
Ministry of Tourism, Forest & Environment
**Province Forest Directorate**
Koshi Province
Dharan, Nepal

**Invitation for Bid**

First Date of Publication:2081-09-17

1. Province Forest Directorate invites bids from eligible bidders for following procurement of works:

| S. N. | Contract Identification Number | Description and Location of Works | Bid Validity period (Days) | Estimated Amount with VAT & PS (NRs. ) | Bid Security Amount (NRs.) | Fee for Bid Document (NRs.) |
|---|---|---|---|---|---|---|
| 1 | NCB/ 081-082/PFD/01 | Karyalaya Bhawan, Aawas Tatha Compound Wall Marmat SambharTatha Rangrogan, Directorate of Forests, Sunsari (Construction of Temple, Grill work, Reservoir Tank, Truss Work etc) | 90 | 5999778.34 | 1,50,000.00 | 3000.00 |

Eligible Bidders may obtain further information and inspect the Bidding documents at PPMO website https://www.bolpatra.gov.np/egp or may visit our official website ( fd.koshi.gov.np) .

Province Forest Director

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

**नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेडको बैंकमा धितो राखेको चल/अचल सम्पत्तिहरू लिलाम बिक्री गर्ने सम्बन्धी ०७ दिने अत्यन्त जरूरी सूचना**

प्रकाशित मिति २०८१/०९/१७

नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेड
दरबारमार्ग काठमाडौं, नेपाल, पोष्ट बक्स नं.: ३४१२
फोन नं. ९७७-१-४२२८२२९, ४२४२५३०
इमेल: info@nimb.com.np
वेबसाइट: www.nimb.com.np

यस बैंक(साबिक नेपाल इन्भेष्टमेण्ट बैंक लि. र मेगा बैंक नेपाल लि. एक आपसमा गाभिएर बनेको संस्था)को तपसिलमा उल्लेखित ऋणीहरुले यस बैंकबाट उपभोग गर्नुभएको कर्जा रकम बैंकसँग गर्नुभएको कर्जा सम्झौता बमोजिम तिनु बुझाउनको लागि यस बैंकबाट पटक पटक मौखिक, लिखित ताकेता गर्दा तथा देहाय बमोजिम विभिन्न मितिमा ऋण, कर्जा चुक्ता गर्न सार्वजनिक सूचना प्रकाशित गर्दा समेत सम्बन्धित ऋणी तथा जमानीकर्ताहरुले सो को पूर्ण वेवास्ता गरि कर्जा चुक्ता गर्नेतर्फ कुनै पहल नगरेको हुनाले यो लिलाम सूचना प्रकाशित गरिएको छ । **अत : यो सूचना प्रकाशित भएको मितिले ०७ दिनभित्र** उक्त कर्जाको सम्पूर्ण साँवा, व्याज तथा हर्जाना लगायतका अन्य दैदस्तुर समेत तिरी बुझाई कर्जा चुक्ता भुक्तान गर्न गराउनको लागि सम्बन्धित ऋणीलाई यो सूचनाद्वारा जानकारी गराईन्छ । उक्त म्यादभित्र समेत सो कर्जा चुक्ता नभएमा ऋणी सबैलाई अन्य कुनै सूचना नदिई नेपाल राष्ट्र बैंकद्वारा इजाजतपत्र प्राप्त बैंक तथा वित्तीय संस्थाहरुलाई जारी एकिकृत निर्देशन, बमोजिम **कर्जा सूचना केन्द्रको कालोसूचीमा समावेश गराईने व्यहोरा जानकारी गराउँदै** कर्जाको सुरक्षणको रुपमा बैंकलाई धितोबन्धक लेखिदिएका तपसिलमा उल्लेखित सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन २०५८, बैंकको नियम तथा अन्य प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरि उल्लेखित बमोजिमको मिति, समय र स्थानमा **गोप्य शिलबन्दी बोलपत्रको माध्यमबाट** लिलाम बिक्री गरिने भएकाले सो सम्पत्ति खरिद गरिलिन ईच्छुक महानुभावहरुको जानकारीको लागि समेत यो सूचना प्रकाशित गरिएको छ । उक्त दिन उपस्थित हुन सम्बन्धित ऋणी, सुरक्षण धनी, ईच्छुक खरिदकर्ता तथा सम्बद्ध सबैमा अनुरोध छ । कुनै कारणवश तपसिलमा उल्लेखित सम्पत्ति लिलाम बिक्री नभएमा सो सम्पत्ति अन्य व्यवस्था गरी बेचबिखन गर्नसक्ने वा प्रचलित कानून बमोजिम बैंकले सकार गरी लिनसक्ने र उक्त सम्पत्तिबाट बैंकको सम्पूर्ण बक्यौता रकम असुल उपर नभएमा प्रचलित कानून बमोजिम असुल उपर गर्न आवश्यक कारवाही अघि बढाईने व्यहोरा समेत जानकारी गराईन्छ ।

**बोलपत्र पेश गर्ने अन्तिम मिति**
२०८१/०९/२३

**बोलपत्र खोलिने मिति**
२०८१/०९/२४ दिउँसो ३ बजे

तपसिल

| क्र.सं. | ऋणी तथा व्यक्तिगत जमानीकर्ताको नाम ठेगाना/विवरण | धितो सुरक्षणमा रहेको चल/अचल सम्पत्तिहरुको विवरण |
|---|---|---|
| १. | **ऋणी : किस्मोन स्टोर्स (विविध कर्जा)**<br>प्रा.फ.र.नं. : ३४४/०७७/०७८, ठेगाना : भरतपुर १०, चितवन<br>**व्यक्तिगत जमानीकर्ताहरू :**<br>**१. ममता श्रेष्ठ** (ना.प्र.नं. ०४३४६१, मिति २०६५/१२/०४ मा जि.प्र.का. चितवनबाट जारी भएको)<br>पति : किशोर घिमिरे, ससुरा : कृष्ण मुरारी घिमिरे<br>**२. किशोर घिमिरे** (ना.प्र.नं. ०४७६४०, मिति २०६६/०७/२२ मा जि.प्र.का. चितवनबाट जारी भएको)<br>बाबु : कृष्ण मुरारी घिमिरे, बाजे : सानु पशुपति घिमिरे<br>**३. सरिता घिमिरे** (ना.प्र.नं. ५८१, मिति २०४५/०४/२६ मा जि.प्र.का. चितवनबाट जारी भएको)<br>पति : कृष्ण मुरारी घिमिरे, ससुरा : सानु पशुपति घिमिरे | १. सरिता घिमिरेको नाममा चितवन जिल्ला मालपोत कार्यालय चनौली, चितवनमा दर्ता कायम रहेको चितवन जिल्ला, रातापुर गा.वि.स./न.पा. वडा नं. ०२ (क) स्थित कि.नं. ८५५ (०-०-५-० विगाहा) र कि.नं. ८५१ (०-५-१५-० विगाहा) क्षेत्रफल भएका जग्गाहरु तथा उक्त जग्गाहरुले चर्चेको सम्पूर्ण लिगालिगापात समेत ।<br>**नोट :**<br>बोलपत्र खोलिने स्थान : चनौली, चितवन<br>२. यस बैंकको नाममा दर्ता रहेको तपसिल बमोजिमको सवारी साधन :<br>कम्पनीको नाम : Skoda Auto Volkswagen<br>सवारी मोडेल : Rapid 1.0 Active<br>निर्माण वर्ष : 2021<br>ईन्जिन नं. : DSH010214<br>च्यासिस नं. : TMBBRKNA31G104666<br>सवारी दर्ता नं. : प्रदेश ३-०१-०२४ च ७३९४<br>**नोट :**<br>बोलपत्र खोलिने स्थान : राईजिङ्ग मल, कमलादी |
| २. | **ऋणी : क) मनोज काष्ठ उद्योग (विविध कर्जा) शाखा कार्यालय चिप्लेढुङ्गा**, प्रा.फ.घ.उ.वि.नं. : ३०४१/(०५५/०५५)२४१<br>ठेगाना : पोखरा म.न.पा. ०८, कास्की<br>**ख) लक्ष्मी श्रेष्ठ (ओस्ता)** (ना.प्र.नं. ७९४०४, मिति २०५५/१०/२० मा जि.प्र.का. कास्कीबाट जारी भएको), ठेगाना : पोखरा म.न.पा. ०७, कास्की, पति : मनोज ओस्ता, ससुरा : डेबिड ओस्ता<br>**व्यक्तिगत जमानीकर्ताहरू :**<br>**१. लक्ष्मी श्रेष्ठ (ओस्ता)** (ना.प्र.नं. ७९४०४, मिति २०५५/१०/२० मा जि.प्र.का. कास्कीबाट जारी भएको)<br>पति : मनोज ओस्ता, ससुरा : डेबिड ओस्ता<br>**२. मनोज ओस्ता** (ना.प्र.नं. ३४-०१-७१-०११८६, मिति २०७१/०२/०६ मा जि.प्र.का. कास्कीबाट जारी भएको)<br>बाबु : डेबिड ओस्ता, बाजे : वीर बहादुर ओस्ता<br>**३. मनिष ओस्ता** (ना.प्र.नं. ४६-०१-७२-००९५०, मिति २०७२/०२/०५ मा जि.प्र.का. कास्कीबाट जारी भएको)<br>बाबु : मनोज ओस्ता, बाजे : डेबिड ओस्ता<br>**४. महेश ओस्ता** (ना.प्र.नं. ४६-०१-७१-०९२६४, मिति २०७१/०९/२९ मा जि.प्र.का. कास्कीबाट जारी भएको)<br>बाबु : मनोज ओस्ता, बाजे : डेबिड ओस्ता | १. लक्ष्मी श्रेष्ठ (ओस्ता)को नाममा कास्की जिल्ला मालपोत कार्यालय कास्कीमा दर्ता कायम रहेको कास्की जिल्ला, पोखरा उ.म.न.पा. वडा नं ०७ स्थित कि.न २४ (१४४.३० व.मि.) क्षेत्रफल भएको घर/जग्गा तथा उक्त घर/जग्गाले चर्चेको सम्पुर्ण लिगालिगापात समेत ।<br>२. लक्ष्मी श्रेष्ठ (ओस्ता)को नाममा कास्की जिल्ला मालपोत कार्यालय कास्कीमा दर्ता कायम रहेको कास्की जिल्ला, पोखरा उ.म.न.पा.वडा नं १७ स्थित कि.न २४२(१५१ व.मि.) क्षेत्रफल भएको जग्गा तथा उक्त जग्गाले चर्चेको सम्पुर्ण लिगालिगापात समेत ।<br>**नोट :**<br>बोलपत्र खोलिने स्थान : शाखा कार्यालय चिप्लेढुङ्गा, पोखरा |

**धितो लेखिदिने तथा व्यक्तिगत जमानी दिनेलाई सूचना :**

उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै प्रकाशित सूचनाको म्यादभित्र शिघ्र कर्जा भुक्तानी गरि/गराई आफ्नो सम्पत्तिको उचित संरक्षण गर्नुहुन समेत यसै सूचनाबाट अनुरोध गरिएको छ । तोकिएको दिन धितो लिलाम बिक्रीको कार्य हुनेभएकोले लिलाम हुँदाका दिन लिलामबाट कायम हुने धितो मूल्य घटी वा बढी हुने प्रक्रियामा समेत धितो धनीहरुलाई उपस्थित हुन सूचित गरिएको छ । धितो लेखिदिएको सम्पत्ति लिलाम बिक्री गरि वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मूल्याङ्कन भन्दा कम मूल्यमा लिलाम बिक्री भएमा वा बैंक आफैले सकार गरिलिएमा पछि मेरो/हाम्रो सम्पत्तिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरिलियो भनी कहि कतै उजुर बाजुर गर्न पाउनुहुनेछैन । साथै धितो लिलाम बिक्री सम्बन्धि अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछन् ।

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

### राजनीतिक व्यापार बन्द होस्

**नेपालको पछिल्लो राजनीतिक विकासक्रमलाई हेर्ने हो भने राजनीतिले आफ्नो मार्ग छाडेको जस्तो देखिन्छ । विचार, सिद्धान्तलाई पाखा लगाउँदै सत्ता र पद लोलुपतामा दलका नेतृत्वहरू देखिएका छन् । १०४ वर्षीय राणा शासनको अन्त्य गर्दै २००७ सालमा प्राप्त प्रजातन्त्र २०१७ सालमा खोसियो । २०१७ पुस १ गते प्रजातन्त्र खोसिएसँगै ३० वर्षसम्म निरंकुश पञ्चायती शासन चलिरह्यो । त्यस अवधिमा नेपाली राजनीतिले तत्कालीन व्यवस्थाको नीति परिवर्तन गरी जनताको शासनसत्ता प्राप्तिका लागि संघर्ष गर्‍यो फलस्वरूप शासन व्यवस्था परिवर्तन भयो ।**

**त्यसका लागि राजनीतिक दलहरूले निकै नै कष्ट खेप्नुपरेको कुरालाई नकार्न सकिँदैन । बहुदलीय प्रजातन्त्रसँगै मौलाएको राजनीतिक दलहरू लोकतान्त्रिक गणतन्त्रसम्म आइपुग्दा आफ्नो सिद्धान्त, लक्ष्य र विचारहरूमाथि नै घात गरेर सत्ताको स्वाद चाख्न पुगे । देशका कुनै पनि पार्टीले जनताका लागि राजनीति गरेपछि अवश्य नै त्यो सफल र सक्षम मानिन्छ । अहिले नेपाली कांग्रेस, नेकपा एमाले, नेकपा माओवादी केन्द्र, मधेस केन्द्रित दलहरू हुँदै पछिल्लो समय राष्ट्रिय स्वतन्त्र पार्टीले आफूलाई स्थापित त गराए । तर जनतालाई स्थापित गराउन सकेनन् । बरु युवाहरूलाई विदेश विस्थापित गरिदिए ।**

**जब जनतालाई राजनीतिक दलले बेवास्ता गरिदिन्छ । त्यसको नतिजा राजनीतिक सदाका लागि समाप्त हुनसक्छ । जनताको संघर्षको प्रतिफल दिन नसकेका राजनीतिक दलको औचित्यमाथि प्रश्न उठिनै रहन्छ । त्यसैको फलस्वरूप स्थानीय तहको निर्वाचनमा बालेन्द्र साह, हर्क साङपाङ बहुदलीय व्यवस्थालाई चुनौती दिँदै निर्वाचित भएको मान्न सकिन्छ । पुरानो दल कांग्रेस एमालेमात्र होइन सशस्त्र द्वन्द्वबाट सत्तामा पुगेको माओवादीभित्र पनि राजनीति विचारभन्दा पद, पैसा र शक्तिमा नै अल्मलियो । राजनीति राष्ट्र र जनताको हितका लागि भन्दा लगानीविनाको व्यापार बन्न थाल्यो ।**

**राजनीति जनताका लागि नभई व्यक्तिका लागिमात्र भयो । जनता र राजनीतिक दलको सम्बन्धमा सधैं सुमधुर र प्रगाढ हुँदै जानुको साटो झन् बिग्रँदै गइरहेको छ । आस्था र विचार बोकेर वर्षौं संघर्ष गरेका राजनीतिज्ञहरूलाई पाखा लगाएर पैसाका भरमा सत्तामा व्यापारीहरूलाई हुलियो । राजनीतिक दलको नेतृत्व राजनीतिभन्दा बढी राजनीतिक व्यापारीका रूपमा परिणत भए भने व्यापारीहरू सत्ताको साँचो हातमा लिएर राजनीतिज्ञ बने । घराना व्यापारी विनोद चौधरीदेखि मोतीलाल दुगडसम्मले राजनीतिक हैसियत बनाए । अर्थात् व्यापारीहरूले राजनीतिज्ञ खरिद गर्न सफल भए । नेपालको राजनीति व्यापार बन्दै गइरहेको छ । मौलाउँदै गइरहेको राजनीतिक व्यापार चाँडै नै अन्त्य होस् ।**

# बिपीको मेलमिलाप नीतिः सर्वकालीन सान्दर्भिकता



■ धर्मेन्द्र झा

> मुलुकको राजनीतिक दृष्टिकोण र बदलिँदो विश्व राजनीतिका कारण मुलुक निर्माणका लागि राष्ट्रिय एकताको आवश्यकता जहिले पनि पर्दछ । प्रजातन्त्रको स्थापना र संरक्षणमा आजीवन संघर्ष गरेका बिपी कोइरालाले प्रजातन्त्र र आर्थिक उन्नतिका लागि समाजवादका नाममा अघि सारेको दृष्टिकोण अहिले पनि उत्तिकै सान्दर्भिक छ । राष्ट्रियता, प्रजातन्त्र र आर्थिक समृद्धि 'राष्ट्रिय एकता तथा मेलमिलाप'बाट मात्रै सुनिश्चित हुनसक्छ भन्ने उनको सोचलाई सबैले आत्मसात् गर्नु आवश्यक छ ।

मंगलबार देशैभरि राष्ट्रिय एकता तथा मेलमिलाप दिवस मनाइयो । मूलतः नेपाली कांग्रेसले संस्थागतरूपमा मनाउँदै आएको यो दिवस सम्पूर्ण नेपाल र नेपालीका लागि महत्त्वपूर्ण छ । बिपी ३० डिसेम्बर १९७६ अर्थात् २०३३ पुस १६ का दिन भारत निर्वासनबाट स्वदेश फर्किएका थिए । भारतमा निर्वासनमा रहेका बिपी आठ वर्षपछि नेपाली कांग्रेसका संस्थापक महानायक बिपी कोइराला स्वदेश फर्केको दिनलाई नेपाली कांग्रेसले राष्ट्रिय मेलमिलाप दिवसका रूपमा मनाउँदै आएको छ । निर्वासनको यो आठ वर्ष बिपीका लागि अत्यन्त कष्टपूर्ण, कठिन र संघर्षयुक्त रहे ।

निर्वासनबाट स्वदेश फर्कनु स्वयं बिपीका लागि, नेपाली कांग्रेसका लागि र समग्रमा नेपालका लागि निकै महत्त्वपूर्ण राजनीतिक खुड्किलो रहेको त्यसबेला स्वीकार गरिएको थियो वा अहिले पनि सान्दर्भिक र सामयिक छ । निकै जोखिम मोलेर नेपाल फर्कने सन्दर्भ बिपीको निकै ठूलो साहसिक निर्णय थियो, तत्कालीन राजनीतिक अवस्थाको विश्लेषण गर्ने हो भने यो जोखिमको अनुमान सहजै गर्न सकिन्छ । यो कुराको एक उदाहरणका रूपमा अमेरिकी पूर्वराष्ट्रपति जिमी कार्टरको सन्दर्भलाई पनि जोड्न सकिन्छ । नेपाली कांग्रेसका नेता डा. मीनेन्द्र रिजालका अनुसार कार्टर राष्ट्रपति रहँदा नै उनले तत्कालीन राजालाई बिपीलाई जेलमुक्त गर्न आग्रह गरेका थिए । उनै कार्टरको आइतबार १०० वर्षका उमेरमा भौतिक अवसान भएको छ । कार्टरद्वारा राजालाई गरिएको आग्रहबाट पनि तत्कालीन विश्व राजनीतिमा कति महत्त्वपूर्ण व्यक्तित्व थिए भन्ने स्पष्ट हुन्छ ।

मृत्युदण्डसमेत हुन सक्ने प्रकृतिका आठवटा मुद्दा खेपिरहेका बिपीका लागि स्वदेश आगमनको निर्णय कम जोखिमपूर्ण थिएन । तर, बिपी देश, प्रजातन्त्र र राष्ट्रियताको सम्वर्द्धनको उद्देश्य राखी स्वदेश फर्किए । त्यसो त कांग्रेसकै केही नेताको बुझाइमा भारततर्फको प्रस्थान बिपीको आत्मनिर्वासनको निर्णयको उपज थियो । बिपी त्यसबेला भारत जानुपर्ने कुनै आन्तरिक कारण नरहेको यो तप्काको बुझाइ छ । तर यो एक विचार मात्र हो । यसको पक्षमा समर्थन जनाउनैपर्नेहरूको संख्या कांग्रेसभित्रै पनि न्यून छ । सायद त्यतिबेलाको राष्ट्रिय राजनीतिको आवश्यकता बोध गरेर बिपीबाट लिइएको एक अनिवार्य तर परिपक्व निर्णय थियो, नेपाल आगमन । जे होस, यो बहसको फरक विषय हो । निश्चित के हो भने मेलमिलापको औचित्य स्वीकार गर्दै बिपी नेपाल फर्केपछि आन्तरिक राजनीतिले नयाँ धार र दिशा लिएको भने पक्कै हो । साँच्चै हो भने आजको लोकतन्त्रसहितको नेपाल बिपीको त्यही जोखिमको परिणाम होभन्दा फरक पर्दैन ।

बिपी नेपाल फर्किएको कुराको कांग्रेसलगायत प्रजातान्त्रिक मूल्यमान्यतामा विश्वास गर्ने धेरैले स्वागत गरेका थिए । तर उनको अनुपस्थितिका कारण रिक्त स्थानको लाभ उठाउँदै टाउको उठाउन थालेको तत्कालीन कम्युनिस्टहरूले भने बिपीको स्वदेश आगमनलाई खासै रुचाएको थिएनन् । यसैगरी, बिपीको नेपाल आगमनलाई त्यसबेला राजपरिवारलाई पनि मन परेको थिएन । तर अन्तर्राष्ट्रिय राजनीतिमा बिपीको बढ्दो कदका कारण उनको नेपाल आगमनलाई अस्वीकार गर्नसक्ने अवस्थामा पनि राजपरिवार थिएन । बिपी नेपालबाट जाँदा र फर्कंदाको बीचमा स्थानीय राजनीतिक परिदृश्यमा निकै फरकपन आइसकेको थियो । राजा महेन्द्रको अवसान भइसकेको थियो ।

राजाका रूपमा बेलायतमा पढेका वीरेन्द्र अवतरित भएका थिए । चीनको परिवर्तित राजनीतिक अवस्थाको प्रभाव नेपालमा परेको थियो । बंगलादेशको स्थापना र भारतमा सिक्किम विलयको प्रभावबाट पनि नेपाल अछूतो थिएन । नेपाली कांग्रेसले विगतमा प्रारम्भ गरेको सशस्त्र संघर्षको औचित्यमाथि कांग्रेसभित्रै प्रश्नचिह्न उठाइरहेको थियो । विश्व असंग्लग्न आन्दोलनमा सहभागी भएर नेपाली राजतन्त्रले आफ्नो औचित्य प्रमाणितको प्रयास गरिरहेको थियो । यस्तोमा बिपीको नेपाल आगमन भएको थियो, जसले तात्त्विकरूपमा निकै अर्थ राख्दथ्यो । बिपी समुन्नत वा समृद्ध राष्ट्रका लागि राष्ट्रवादी र प्रजातन्त्रवादीका बीच न्यूनतम एकता र सहअस्तित्व चाहन्थे ।

बिपीको नेपाल आगमनको सन्दर्भलाई आजको अवस्थामा नयाँ ढंगले विश्लेषण गरिनु आवश्यक छ । माथि उल्लिखित पृष्ठभूमिका केही कारक अवस्था हुन्, जसको विश्लेषण गरिनु जरुरी छ र यसै आलोकमा बिपीको नेपाल आगमन र राष्ट्रिय मेलमिलापको नीतिलाई बुझ्नु जरुरी छ । अर्को कुरा, बिपीको अनुपस्थितिमा नेपाली राजनीतिले बिपी र कांग्रेसविनाको एक नयाँ 'कोर्स' तय गर्ने प्रयास त गरिरहेको थियो नै सँगै निर्वासित भूमिका जिम्मेवारसँग बिपीको दूरी बढिरहेको आकलन त्यसबेला गरिएको थियो । जवाहरलाल नेहरूपुत्री इन्दिरा गान्धी सन् १९७५ को संकटकालमार्फत निकै शक्तिशाली बनेको अवस्था थियो । विमान अपहरणको आरोपमा दुर्गा सुवेदी र सुशील कोइरालालाई भारत सरकारले पक्राउ गरेको थियो । यस्तो अवस्थामा सायद बिपीलाई भारतमा रहिरहँदा आफ्नो राजनीतिमा बाह्य निगरानी र नियन्त्रण बढ्नसक्ने सम्भावनाले पनि गाँजेको हुनसक्छ ।

बिपी नेपालका पूर्वप्रधानमन्त्री र नेपाली कांग्रेसका सभापति थिए । यसर्थ उनको नेपाल आगमनलाई किन अस्वाभाविक मान्ने भन्ने प्रश्न गर्न सकिन्छ तर नेपालको आन्तरिक राजनीतिक कारणले निर्वासनमा रहेकाले बिपीले नेपाल आगमन हेतु त्यही समय किन रोजे भन्ने प्रश्न महत्त्वपूर्ण छ । यस सन्दर्भमा माथिका आधारमा विश्लेषण गर्ने हो भने नेपाल आगमनको त्यो समयलाई बिपीले रणनीतिक हिसाबले प्रयोग गरेको रूपमा बुझ्न सकिन्छ । त्यसबेला राष्ट्रिय राजनीतिका सन्दर्भमा सम्भवतः बिपीका सामु तीन/चार अवस्था विश्लेषणयोग्य थिए ।

बेलायतमा अध्ययन गरेका राजा वीरेन्द्रको उदय भइसकेको थियो, जो तुलनात्मक रूपमा प्रजातन्त्रमा विश्वास गर्दथे भन्ने विश्वास गर्न थालिएको थियो । अतः नयाँ राजासँग सम्बन्ध सुधार गरी नेपालमा प्रजातन्त्र स्थापना र राष्ट्रियता प्रवर्द्धनको संघर्षको नयाँ अध्याय प्रारम्भ गर्न सकिन्थ्यो भन्ने विश्वासका आधारमा बिपीले नेपाल आउने निर्णय गरेको हुनसक्छ । उनको मेलमिलाप नीतिको विश्लेषण गर्ने हो भने यो राजा लक्षित थियो भन्न सकिन्छ । जो स्वाभाविक पनि थियो । राजाले राष्ट्रवादी धारको नेतृत्व गर्छन् भन्ने विश्वासका आधारमा प्रजातन्त्रको नेतृत्व गर्ने बिपीले राजासँग मिलेर नेपालमा नयाँ राजनीतिक अभियान सुरु गर्न सकिने संयन्त्रका रूपमा मेलमिलाप नीतिलाई लिएको हुनसक्छ । उनले राष्ट्रियता संरक्षणको कुरा उठाउँदै राजाको घाँटी र आफ्नो घाँटी जोडिएको उल्लेख गरेबाट पनि उनको रणनीतिक सोचको विश्लेषण गर्न सकिन्छ ।

यस्तै, आफ्नो अनुपस्थितिका कारण निर्माण भएको रिक्तताको अवस्थामा टाउको उठाउन थालेको कम्युनिस्ट प्रभावलाई रोक्न जरुरी रहेको उनको मान्यता हुनसक्छ । प्रजातान्त्रिक आन्दोलन कमजोर हुँदा कम्युनिस्ट आन्दोलन फस्टाउन सक्थ्यो र शीतयुद्धकालीन विश्वमा नेपाल कुनै खास खेमामा आबद्ध हुनसक्ने सम्भावनाको अन्त्य गर्न पनि बिपीले नेपाल आगमनलाई उपयुक्त मानेको हुनसक्छ । यसैगरी, मूलधारबाट धेरै समय टाढा रहँदा राष्ट्रिय राजनीतिमा आफ्नो प्रभाव कमजोर हुनसक्थ्यो र नेपाली कांग्रेसमाथिको आफ्नो पारम्परिक नियन्त्रण र प्रभाव नै पनि समस्यामा पर्न सक्ने सम्भावनाका आधारमा पनि बिपीले नेपाल फर्कने निर्णय गरेको हुनसक्छ । यी केही यस्ता आधार थिए, जसले बिपीलाई त्यही समयमा नेपाल फर्कन प्रेरित गरेको हुनसक्छ । यस क्रममा धेरै कुरा अहिलेसम्म अनुमानमा आधारित नै छन् किनभने बिपी स्वयंले यस विषयमा विस्तारमा धेरै चर्चा गरेको छैन ।

जे होस् तत्कालीन राष्ट्रिय राजनीतिमा बिपीको मेलमिलाप नीतिको सकारात्मक प्रभाव परेको थियो । सबैभन्दा महत्त्वपूर्ण कुरा बिपी स्वदेश फर्केपछि आमजनतामा नयाँ आशाको सञ्चार भएको थियो भने कांग्रेसले नै पनि नयाँ रूप प्राप्त गर्ने प्रयासको प्रारम्भ भएको थियो । वैचारिक दृष्टिले कांग्रेस तुलनात्मक रूपमा केही परिपक्व भएको अनुभव गरिएको थियो ।

मुलुकको राजनीतिक दृष्टिकोण र बदलिँदो विश्व राजनीतिका कारण मुलुक निर्माणका लागि राष्ट्रिय एकताको आवश्यकता जहिले पनि पर्दछ । प्रजातन्त्रको स्थापना र संरक्षणमा आजीवन संघर्ष गरेका बिपी कोइरालाले प्रजातन्त्र र आर्थिक उन्नतिका लागि समाजवादका नाममा अघि सारेको दृष्टिकोण अहिले पनि उत्तिकै सान्दर्भिक छ । राष्ट्रियता, प्रजातन्त्र र आर्थिक समृद्धि 'राष्ट्रिय एकता तथा मेलमिलाप'बाट मात्रै सुनिश्चित हुनसक्छ भन्ने उनको सोचलाई सबैले आत्मसात् गर्नु आवश्यक छ । राष्ट्रिय एकता सम्पूर्ण नेपाली जनताको सामूहिक प्रयासबाट हुने अभियान र कार्यले मात्र स्थापित हुन्छ । यस्तो सामूहिक अभियानले नेपाली जनताको भावनात्मक एकताको संस्थागत आधार पनि तयार पार्छ ।

आज नेपालमा राजतन्त्र छैन । कम्युनिस्ट आन्दोलन पनि हिजोको अवस्थामा छैन । कांग्रेसको नेतृत्व कोइराला परिवारभन्दा बाहिर गएको छ । विश्वमा असंग्लग्न आन्दोलन कमजोर भएको छ र प्रत्यक्षतः शीतयुद्धको अवस्था छैन । यस्तोमा प्रश्न उठ्छ, के बिपीको राष्ट्रिय मेलमिलापको नीति आजको अवस्थामा पनि सान्दर्भिक छ ? नेपालमा उदारवादी राजनीतिको प्रणेता मानिने बिपी र नेपाली कांग्रेसको यो नीति आज नेपाललगायत विश्वमा कट्टरपन्थले स्थान ओगटिरहेको अवस्थामा औचित्य छ ? यसको एउटै जवाफ हो, छ । बरु हिजोभन्दा आज यो नीति अझै सान्दर्भिक र महत्त्वपूर्ण ठहरिएको छ । हाल देशले विभिन्न नाममा राजनीतिक निकास नपाइरहेको अवस्थामा यो नीतिको उपयोगले सार्थक परिणाम सिर्जना गर्नसक्ने सम्भावनाको अपेक्षा गर्न सकिन्छ ।

*(लेखक राससका कार्यकारी अध्यक्ष हुन्)*

## मननयोग्य

### चाणक्य नीति

धर्मावतार विदुर मानिस भएर पनि आफ्नो देवता हुँदाको ज्ञानलाई बिर्सेका थिएनन् तथापि उनले कहिल्यै आफूलाई देवताको रूपमा प्रकट पनि गरेनन् सधै नै मनुष्यधर्मकै पालना गर्दथे । बाल्यावस्थादेखि नै उनी गम्भीर प्रकृतिका थिए । व्यास, भीष्म पितामह आदि मान्यजनको सेवातर्फ आफू प्रायः व्यस्त रहन्थे । यति धेरै चुप रहन्थे कि उनी केही पनि जान्दैनन् जस्तो देखिन्थे । उनी सदैव भागवद् भजनमा नै तल्लीन रहन्थे । अवकाशको समयमा ध्यान पनि गर्दथे । यिनमा सम्पत्तिको मोह र लोभ थिएन ।

दुवै युवती ज्यादै लाज मानेर व्यासको सामुन्नेमा पुगे जेठी अम्बिकाले जेठाजु व्यासको सामना गर्न नसकेर लाजले आँखा चिम्लिइन् । कान्छी आम्बालिका भने डराएर पहेंली भइन् । व्यासजीले दुवैलाई गर्भवती बनाएपछि

**विदुरको जीवन चरित्र**

पहिलो छोरा अन्धो र दोस्रो छोरा पाण्डु वर्णको पैदा हुनेछ भनी आमालाई बताइदिए । यसरी पैदा भएका दुई पुत्र नै धृतराष्ट र पाण्डु थिए अन्धो र पाण्डु वर्ण भएका छोरा हुने हुँदा सत्यवतीलाई सन्तोष भएन । उनले अम्बिकालाई सर्वगुण सम्पन्न भएको अर्को छोरा जन्माइदिन आग्रह गरिन् र व्यासलाई पनि पुनः राजी गराइन् । अम्बिकाले सासूलाई सामुन्नेमा हुन्छ त भनिन् तर पुनः निर्वस्त्र भई व्यासको अगाडि जाने साहस गरिनन् । उनले आफ्नी परम सुन्दरी वनिता भन्ने दासीलाई पनि व्यासजीको सामुन्ने पठाइदिइन् । वेदव्यास जस्ता ऋषिबाट सन्तान जन्माउन दासी वनिता पनि सहर्ष खुसी भइन् । वनिता पनि संकोच त्यागेर निर्वस्त्र व्यासजीका सामुन्नेमा पुगिन् उनलाई गर्भ रह्यो । व्यासजीले पनि त्यसै दिनदेखि वनिताको दासीभाव छुटाइदिदै भने "तिम्रो गर्भ (कोख) बाट एउटा अत्यन्तै धार्मिक पुत्र पैदा हुनेछ ।" व्यासजीको-कुरा किन फरक पर्दथ्यो र वनिता दासीकै कोखबाट माण्डव्य ऋषिको श्राप भुगतान गर्न भनी धर्मराज स्वयम्ले 'विदुर' को रूपमा जन्म लिएका थिए ।

## पाठक मञ्च

### संघीय सरकारमाथि दोष थोपारेर पन्छिँदै मेयर बालेन

नेपालको संविधान २०७२ ले स्थानीय सरकारलाई धेरै अधिकार दिएको छ । त्यसमध्ये महत्त्वपूर्ण घरभाडा निर्धारण गर्न पाउने र भाडाका गाडीको दर्ता खोल्न माग गर्न पाउने अधिकार पनि स्थानीय तहसँग छ । व्यवसाय दर्ता, नवीकरण, राजस्व संकलन, घर नक्सा स्वीकृतलगायत आफ्नो गाउँ तथा नगरभित्र हुने सम्पूर्ण क्रियाकलाप गर्न दिने/नदिने भन्ने अधिकार स्थानीय तहमा रहन्छ ।

योसँगै बजार अनुगमन, आफ्नो कार्यक्षेत्रभित्रका सार्वजनिक, सरकारी, गुठीका जग्गा खोजतलास तथा संरक्षण, मठमन्दिरको संरक्षण गर्नेजस्ता काम पनि स्थानीय सरकारकै हो । पहिलापहिला संघले मात्रै यी काम गर्न पाउँथ्यो । तर, संघीयतासँगै संविधानले स्थानीय सरकारलाई यो अधिकार दिएको हो । त्यसैले त गाउँ-गाउँमा सिंहदरबार भनियो ।

केही दिनअघि काठमाडौं महानगरपालिकाका मेयर बालेन्द्र साह (बालेन) ले तीनकुनेस्थित आयोजित कोटेश्वर महोत्सवमा भने, 'दुईतिहाइको सरकारले केही गरेन ।'

काठमाडौं देशकै राजधानी हो । यहाँ देशभरका जनता बसोबास गर्छन् । त्यो पनि अधिकांश भाडामा । कोही रोजगारीका लागि त कोही शिक्षाका लागि कोठा भाडामा लिएर बसिरहेका छन् । त्यस्तै, व्यापार व्यवसाय गर्नकै निम्ति राजधानीमा सटर भाडामा लिएर बस्ने पनि त्यत्तिकै छन् । तर, बाहिरी जिल्लाका जनताको बाध्यताको फाइदा यहाँका घरधनीहरूले उठाइरहेका छन् । यहाँका घरधनीहरू एउटै कोठाको पाँच हजारदेखि २० हजार रूपैयाँसम्म असुल्छन् । एक फ्ल्याटको ३५ हजारदेखि तीन लाख रूपैयाँ र एउटा सटरको २५ हजारदेखि १९ लाख रूपैयाँसम्म मासिक भाडा उठाइन्छ ।

खाली सटर त २० लाखदेखि ६० लाख रूपैयाँसम्ममा किनबेच हुन्छ । बाहिरी जिल्लाका जनताहरू खाइनखाई भए पनि घरधनीले तोकेजति भाडा तिरिसकेका छन् । फेरि भाडा तिरे पनि सेवासुविधा भने शून्य छ । बत्ती नबाले पनि दोब्बर रकम असुलिन्छ । पानी दिइँदैन तर बिलमा आएको सबै पैसा तिराइन्छ । कपडा सुकाउन ठाउँ हुँदैन । घाम ताप्न छतमा जान पनि दिइँदैन । घरधनीहरू डेराबहाललाई दासी सोच्छन् । उनीहरूले भनेको नमानेमा सरेर जा भनिहाल्छन् । त्यसकारण पनि डेरावालहरू चुपचाप बस्न बाध्य भएका छन् ।

राजधानीमा सञ्चालित आधाभन्दा बढी व्यवसाय दर्ता नै भएका छैनन् । दर्ताविनै व्यवसाय गरेर व्यापारीहरू सर्वसाधारणलाई त ठगी नै रहेका छन् सँगै राजस्वसमेत छलिरहेका छन् । चर्को मूल्यमा गुणस्तरहीन सामान बिक्री गरिन्छ । अहिले पनि काठमाडौंका अधिकांश किराना पसल, भाटभटेनी, सुपर मार्केट, बिग मार्टहरूमा म्याद गुज्रिएका, बिग्रिएका, सडेका सामानहरू छ्यापछ्याप्ती भेटिन्छन् । सर्वसाधारण उपभोक्ता महँगो मूल्य तिरेर यस्ता सामान खान बाध्य भइरहेका छन् ।

अनि संघीय सरकारको कामप्रति प्रश्न उठाइरहँदा मेयर बालेनले आफ्नो कार्यक्षेत्रभित्रचाँहि के काम गरे त ? आखिर भन्नुपर्दा उनले केही पनि गरेका छैनन् । किनकि आमनागरिकको सबैभन्दा टाउको दुखाइको विषय हो, घरभाडा । काठमाडौंका घरधनीहरू मनलाग्दी भाडा असुल्छन् । सेवासुविधा केही दिँदैन । डेराबहालहरू घरधनीहरूको अमानवीय व्यवहारका कारण वाक्कदिक्क भएका छन् ।

अहिले उपत्यकामा डेरामा बस्नेहरूको एकै स्वर छ, 'घरभाडा निर्धारण गरियोस् ।' अनि खै त उनीहरूको आवाज सुनेको मेयर बालेनज्यू ? दुईतिहाइको सरकारले केही गरेन भन्दै भाषण गरिरहँदा तपाईंले देशभरका जनताका लागि के गर्नुभयो ? स्मरणरहोस् कि काठमाडौं यहाँका स्थानीयबासीको मात्रै होइन, देशभरका जनताको हो । त्यसैले, मेयर बालेनले कुनै पनि निर्णय लिँदा मुलुकभरका जनताको हितमा हुनेगरी गर्नुपर्छ ।

बाहिरी जिल्लाका जनताहरू आशा गरेर बसेका छन् कि मेयर बालेनले घरभाडा निर्धारण गर्छन् । विडम्बना, यसप्रति उनको कुनै चासो छैन । काठमाडौंका घरधनीहरू डेराबहालसँग चर्को भाडा असुल्छन् तर आफूले तिर्नुपर्ने राजस्व भने छल्छन् । घर महिनौंदेखि खाली रहेको भन्दै ढाँटिन्छ । कि त आफन्त सित्तैमा बसेको बताइन्छ । अनि वडा कार्यालयले अनुगमन नगर्ने भएकाले घरधनीहरूले भनेको झूठो कुरामा विश्वास गरेर राजस्व छुट दिइन्छ ।

डेराबहालसँग खन्खन्ती पैसा लिन्छन् तर बिलचाँहि दिँदैनन् । अहिले राजधानीमा घरधनीहरूको लुटतन्त्र छ । यद्यपि, काठमाडौं महानगरपालिकाले यसका लागि केही गरेको पाइँदैन । घरभाडा निर्धारण गर्न पाउने अधिकार स्थानीय सरकारसँग हुँदाहुँदै महानगरले किन नतोकेको ? यसको जवाफ अब मेयर बालेनले दिनुपर्छ । अरुमाथि प्रश्न उठाउने उनले आफैंचाहिँ के-के गरे ? यो जनतालाई जानकारी गराउनुपर्छ ।

*- रुषा थापा, भक्तपुर*

### जानकारी

अब यस दैनिकले हरेक दिन पत्र-मञ्जुषा स्तम्भ सुरु गरेकाले पाठक वर्गहरूले आफूले चाहेको विषय वस्तु, सरकारी निकायको काम कारबाही वा पत्रिकामा सम्प्रेषण भएको समाचारका बारेमा पत्र लेख्नु भएमा त्यसलाई जस्ताको त्यस्तै प्रकाशन हुने जानकारी गराइन्छ । -संपादक

prabhabdailynews@gmail.com
facebook.com/prabhab online

# रोशीका १२०० विपद् प्रभावितलाई आर्थिक सहयोग



■ प्रभाव संवाददाता

**काभ्रेपलाञ्चोक–** गत असोज दोस्रो साताको बाढीपहिरोबाट प्रभावित एक हजार २३० पीडित परिवारलाई संयुक्त राष्ट्रस...घीय विश्व खाद्य कार्यक्रम (डब्ल्युएफपी)ले राहत रकम प्रदान गरेको छ । डब्ल्युएफपीको नेपालस्थित कार्यालयमार्फत उक्त राहत रकम प्रभावितपरिवारलाई प्राप्त भएको रोशी गाउँपालिका कार्यालयले जनाएको छ ।

बाढीपहिरोमा परी गाउँपालिकामा १२ जनाको ज्यान गएको थियो भने ४८२ घर पूर्णरूपमा तथा ८८३ घर आंशिकरूपमा क्षति पुगेको थियो। डब्ल्युएफपीले पीडितपरिवार संख्याका आधारमा राहतस्वरूप नगद नै सम्बन्धित लाभग्राहीको बैंक खातामा पठाएको गाउँपालिकाका अध्यक्ष दिनेश लामाले जानकारी दिए । उनले सबै पीडितको बैंक खातामा रकम जम्मा भइसकेको र कुनै समस्या आए गाउँपालिकामा तत्काल सम्पर्क गर्न अपिल गरेका छन् ।

डब्ल्युएफपीले नेपाल सरकारको बाढीपहिरोपीडितलाई परिवार संख्याका आधारमा दिने नीतिअनुसार १५ हजार रूपैयाँ तथा २० हजार रूपैयाँ राहत प्रदान गरेको जनाइएको छ । अध्यक्ष लामाका अनुसार यसअघि गाउँपालिकामा सिआरएस (क्याथोलिक राहत सेवा)मार्फत १०८ पीडितपरिवारलाई उक्त परिमाणमा राहत रकम प्रदान भएको थियो । बाढीपहिरोले उक्त गाउँपालिकाको दुई हजार ५४४ परिवारको खेतबारीमा क्षति पुगेको थियो भने १६० खानेपानी आयोजना, एक पक्की पुल, ४७ विद्यालय, चार स्वास्थ्य केन्द्रमा क्षति पुगेको थियो । यस्तै बाढीपहिरोले निर्माण सम्पन्न भएको डम्फु पार्क, १० शयचाको अस्पताल, चिस्यान केन्द्रसहितको औद्योगिक ग्राम बगाएको थियो ।

यसैबीच गाउँपालिकाले घर पूर्णरूपमा क्षति भएका परिवारका लागि अस्थायी आवास निर्माण थालेको छ । चिसो बढ्दै गएपछि बाढीपहिरोपीडित अझ प्रभावित हुने भएपछि पहिलो चरणमा घर पूर्णरूपमा क्षति भएका परिवारका लागि अस्थायी आवास निर्माण थालिएको गाउँपालिकाले जनाएको हो । लामाका अनुसार विभिन्न दाता संस्थाको सहयोगमा वडा नं २ बाट अस्थायी आवास निर्माणको काम सुरु गरिएको तथा वडा नं ९ को नार्के आसपासको क्षेत्रमा हालसम्म ५० वटा निर्माण भइसकेको बताए ।

गाउँपालिकाले विपद् व्यवस्थापनका लागि गत कात्तिक ३० गते नै विशेष गाउँसभामार्फत चालु आर्थिक वर्षमा योजनाका लागि विनियोजित बजेटबाट केही प्रतिशत कटौती गर्ने निर्णय गरेको थियो । गाउँपालिकाले विपद्सँग सम्बन्धित बनाएर २६६ योजना संशोधन गरेको छ भने विपद् कोष दुई करोड ८० लाख रूपैयाँको बनाएको जानकारी दिएको छ । कोषको रकमले स्थानीय तहमा अत्यावश्यक विपद् खर्च, बाढीपहिरोले पुऱ्याएको क्षतिको तथ्यांक संकलन, राहत वितरणलगायत विविध शीर्षकमा खर्च गर्नेगरी संशोधन गरिएको गाउँपालिकाले जनाएको छ ।

# सल्लेरीबाट सुर्केसम्म यातायात सेवा सञ्चालन, पर्यटन व्यवसायी उत्साहित

**सोलुखुम्बु–** सगरमाथा क्षेत्रको पर्यटनको केन्द्र मानिने लुक्ला नजिकैको सुर्केगाउँसम्म यातायात सेवा विस्तार भएपछि पर्यटन व्यवसायी उत्साहित भएका छन् । खुम्बु पासाङल्हामु गाउँपालिकाको विशेष लगानीमा सुर्केसम्म सडक विस्तार भएसँगै सल्लेरीबाट सुर्केसम्म यातायात सेवा सञ्चालनमा आएको छ। यसले सगरमाथा क्षेत्रको पर्यटन प्रवर्द्धनमा ठूलो फड्को मार्ने अपेक्षा गरिएको छ।

खुम्बु पासाङल्हामु-१ खरिखोलाबाट वडा नं २ सुर्केसम्म १६ करोड रूपैयाँको लागतमा करिब २५ किलोमिटर सडक निर्माण गरिएको हो। यो परियोजना गाउँपालिकाको मुख्य लगानीमा दुई वर्षअघि सुरु भएको थियो । परियोजनाका लागि पालिकाले स्थानीय जलविद्युत् आयोजना-सिल्क पावर र दूधकोशी छैटौंसँग साझेदारी गरेको छ।

थामडाँडाबाट सुर्केसम्मको १२.५ किलोमिटर सडक ठेक्का प्रणालीमार्फत १० करोड ५२ लाख रूपैयाँमा निर्माण सम्पन्न भएको छ । गाउँपालिकाका लेखा शाखा प्रमुख चेतनाथ कट्टेलका अनुसार ५० प्रतिशत लगानी गाउँपालिकाको छ भने बाँकी ५० प्रतिशत जलविद्युत् आयोजनाबाट जुटाइएको छ । खरिखोलाबाट थामडाँडासम्मको १२.३ किलोमिटर सडक भने छ करोड १४ लाख रूपैयाँ लागतमा पालिकाको आफ्नै स्रोतबाट निर्माण गरिएको थियो।

दूधकोशी नदीमा रहेको मितेरीपुल बाढीका कारण क्षतिग्रस्त भएपछि अस्थायीरूपमा हृयुमपाइप राखेर सडक सञ्जाललाई निरन्तरता दिइएको छ। दूधकोशीपारिको खरिखोला र पैयाँखोला गरी दुई ठाउँमा हृयुमपाइप प्रयोग गरिएको वडा नं २ का अध्यक्ष आङफुर्वा शेर्पाले बताए। यसले मालवाहक र अन्य सवारीलाई सहजै सुर्केसम्म पुऱ्याउन सम्भव बनाएको छ। स्थानीय पर्यटन व्यवसायीले सडक निर्माणप्रति उत्साह व्यक्त गर्दै यो कदमले क्षेत्रीय पर्यटनलाई नयाँ उचाइमा पुऱ्याउने बताएका छन्। मौसमका कारण उडान रद्द हुँदा यात्री अलपत्र पर्ने समस्या अब समाप्त हुने व्यवसायीको धारणा छ।



स्थानीयवासीले सडक विस्तारले जीवनशैलीमा सकारात्मक प्रभाव पार्ने विश्वास व्यक्त गरेका छन् । यसले उनीहरूको दैनिकी सहज बनाउनुका साथै क्षेत्रीय विकासमा गति दिने छ । लुक्ला नजिकैको सुर्केसम्म सडक सञ्जाल विस्तार भएको खुम्बु क्षेत्रका लागि कोशेढुंगा सावित हुँदै छ । सगरमाथा क्षेत्रको पर्यटकीय महत्त्वलाई बढाउँदै यो परियोजनाले स्थानीय र राष्ट्रिय अर्थतन्त्रमा दीर्घकालीन योगदान दिने अपेक्षा गरिएको छ । पर्यटन व्यवसायी, स्थानीयवासी र सरोकारवाला सबैले यो विकासलाई स्वागत गरेका छन् ।

सुर्केसम्म सडक पुगेपछि सल्लेरीबाट ६४ किलोमिटरको दूरीलाई सहज यात्राका माध्यमबाट पार गर्न सकिने भएको छ । लुक्ला विमानस्थलबाट करिब डेढ घण्टाको पैदल दूरीमा पर्ने फाक्दिङसम्म सडकको पहुँचले भरपर्दो विकल्प सिर्जना गरेको पर्यटन व्यवसायी अमृत मगरले बताए ।

यसअघि मौसम प्रतिकूल हुँदा विदेशी पर्यटक हप्तौंसम्म रामेछापको मन्थलीमा कुर्न बाध्य हुने अवस्था थियो । अब सडकमार्गको विकल्पले मौसमको प्रतिकूलताबाट प्रभावित हुने समस्यालाई धेरै हदसम्म समाधान गर्ने देखिन्छ । पर्यटन व्यवसायी निराजन शर्माका अनुसार आधा पर्यटक अब सीधै सडकमार्गबाट खुम्बु पुग्ने सम्भावना छ ।

## पर्यटनमा सम्भावना र आर्थिक प्रभाव

सडक विस्तारसँगै खुम्बु क्षेत्रमा पर्यटन व्यवसायमा उल्लेखनीय सुधार हुने अपेक्षा गरिएको छ । यसले होटल, रेस्टुरेन्ट, ट्राभल एजेन्सी, गाइड र पोर्टरको रोजगारीमा पनि सकारात्मक प्रभाव पार्ने छ ।

खुम्बु पासाङल्हामु गाउँपालिकाका अनुसार यो सडकले स्थानीय उत्पादनको ढुवानीलाई पनि सहज बनाउने छ । यस क्षेत्रका आलु, गहुँ, जौंजस्ता उत्पादन अब बजारमा सहजै पुग्ने छन् । साथै निर्माण सामग्री र खाद्यान्न आपूर्तिमा पनि सुधार आउने छ । सडक निर्माणको यो महत्त्वपूर्ण परियोजना यही पुस २० उद्घाटन गर्ने कार्यक्रम रहेको छ । यसले खुम्बु क्षेत्रलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मञ्चमा थप प्रचार गर्ने विश्वास *गरिएको* छ। *रासस*


**पेनशन पट्टा प्रमाणपत्रहरू हरायो सूचना**

मिति २०८१-०८-१५ गते आफ्नै घर देखि मेरो निम्न व्यहोरा भएको प्रमाण पत्रहरु (नागरिकता, घरको लालपुर्जा, कल्याणकारी कोष पट्टा) साथै सक्कली पेनशन पट्टा प्रमाणपत्र हराएको हुँदा पाउनु हुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनु हुनु अनुरोध गर्दछु।

नाम : अम्बीका कार्की
फोन : ९८४१९३३२५०
ठेगाना : कलंकी-१४,काठमाडौं
कर्मचारी संकेत नं. : थाहा नभएको
पेनशन पट्टा नं.: थाहा नभएको
दर्जा : अ.प्रा.अ.उ.से
कार्यालय : प्यारा तालीम शिक्षालय, महाराजगञ्ज, काठमाडौं
अवकाश मिति : २०४८-१०-२६

**नक्सा पास सम्बन्धमा जारी भएको १५ दिने सार्वजनिक सूचना**

(**मिति** २०८१/०९/१७)

महालक्ष्मी नगरपालिका वडा नं. ८ साविक लुभु गा. वि. स. २क. कित्ता नं. ८०१ क्षेत्रफल १०७.३ वर्ग मिटर जग्गामा भवन निर्माण गर्न नक्सा पासको लागि २०८१ मंसिर २८ मा महालक्ष्मी नगरपालिका वडा नं.८ को कार्यालयवाट १५ दिने सूचना जारी गरेकोमा घरजग्गाको म्याद बारम्बार बुझाउन जादाँ सम्बन्धित तपसिलमा उल्लेखित संधियारहरूसंग सम्पर्क हुन नसकेकोले नक्सा पासको लागि १५ दिने सार्वजनिक सूचना जारी गरिएको छ ।
उल्लेखित कित्ता जग्गामा घर निर्माण हुदाँ तपाई साँधसंधियारहरूलाई बाधा तथा मर्का पर्ने भएमा समय अवधि भित्र महालक्ष्मी नगरपालिकाको ८ नं. वडा कार्यालयमा निवेदन दिनुहुन तथा साँधसंधियारको जानकारीको लागि सुचित गरिन्छ । म्याद भित्र कसैको कुनै प्रतिक्रिया दावी विरोध प्राप्त नभएमा नियमानुसर निवेदकको माग बमोजिम नक्सा पासको लागि नगरपालिकामा सिफारिश भईजाने व्यहोरा समेत जानकारी गराईन्छ ।

**तपसिल**

दक्षिण तर्फ सुमन गोपाल श्रेष्ठ, कि. नं. ३९१ र ३९२ पश्चिम तर्फः भगिराज राई, कि. नं. ७२७

**महालक्ष्मी नगरपालिका**
**८ नं. वडा कार्यालय, लुभु, ललितपुर ।**

**सच्याइएको**

यस प्रभाव दैनिकको वर्ष ११ अंक २४२ पौष १३ गते २०८१ मा प्रकाशित **Indigo Overseas Pvt. Ltd.** को को विज्ञापनमा कम्पनीको नाम **Care Professional Services** र Lot No. 316090 हुनुपर्नेमा अन्यथा हुन गएकोले सच्याइएको जानकारी गराइन्छ ।

**Indigo Overseas Pvt. Ltd.**
Samakhushi, Kathmandu, Nepal, Tel : +977-1-4387787 / 6201955, Mobile No.9840806449, 9823025516, E-mail : indigo.pukar@gmail.com, indigo.recp@gmail.com, Website : www.ioplneoal.com

**एनएमबि बैंक लिमिटेड**
बबरमहल, काठमाडौं फोन नं.: ५३४६१६०
हकदाबी गर्न आउने बारेको ३५ (पैंतीस) दिने सार्वजनिक सूचना
प्रकाशित मितिः २०८१/०९/१७

यस बैंकको निक्षेपकर्ता, श्री अष्ट मान महर्जनको नाती, श्री राम महर्जनको छोरा, श्रीमती बसु माया महर्जनको श्रीमान, ललितपुर जिल्ला, गोदावरी नगरपालिका, वडा नं. १४ बस्ने वर्ष ४५ को श्री राज कुमार महर्जन (ना.प्र.नं. ८५७०७, नागरीकता जारी मिति २०५३/११/२३) को मिति २०८१/०६/१ गते निधन भएकोले मृतकको नाममा यस बैंकमा खोलिएको बचत खातामा रहेको रकमहरु उपलब्ध गराई दिनुहोस् भनी निजको श्रीमती बसु माया महर्जनले मृत्यु दर्ताको प्रमाणपत्र, नाता प्रमाणपत्र लगायतका कागजातहरु समेत संलग्न गरी निवेदन दिनु भएको हुँदा निज निक्षेपकर्ताको निक्षेपमा निवेदक बाहेक अन्य कुनै व्यक्तिको हकदाबी रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र हकदाबी गर्न आउनु हुन अनुरोध छ । अन्यथा उपरोक्त बमोजिमको निक्षेप रकमहरुमा निवेदकको माग बमोजिम मृतकको श्रीमती बसु माया महर्जनको हक कायम हुने हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**नाम परिवर्तन सम्बन्धि सूचना**

कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८१/०९/१४ बमोजिम यस निर्माण नेपाल रेसिडेन्सियल स्कुल प्रा. लि. को साविकको नाम परिवर्तन भई सर्वोदय गुरुकुल प्रा.लि. भएको जानकारी सबैमा गराउँदछु ।

**सोह्रौं वार्षिक साधारण सभा सम्बन्धी सूचना**

यस सम्बन्धी मिति २०८१ मंसिर ०८ गते बसेको ०८औं सञ्चालक समितिको बैठकको निर्णय बमोजिम यस सस्थाको सोह्रौं (१६औं) वार्षिक साधारण सभा बस्ने भएकोले सम्पूर्ण सेयर सदस्यहरुलाई गरिमामय उपस्थितिको लागि हार्दिक अनुरोध गर्दछौं

**मिति : २०८१ पौष २० गते**
**स्थान : संस्थाको सभाहल बागबजार, काठमाडौं ।**
**समय : बिहानको ०८:०० बजे**

**पाल्पा बचत तथा ऋण सहकारी संस्था लि.**
बागबजार, काठमाडौं, नेपाल

**नाम परिवर्तन भएको सूचना**

यस **रेस्नलाइटिक इन्जिनेयरिङ्ग सोलुसन प्रा. लि.** (प्रा. लि. नं. १८१११८/०७४/०७५० कम्पनीको मिति २०८१।७।२६ मा बसेको विषेश साधारण सभाको निर्णय बमोजिम कम्पनीको साविक उक्त नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु पर्ने अन्य ऋण, धन दायित्व एवं कर परिविर्तित नाम **रेस्नलाइटिक इन्जिनियरिङ्ग प्रा. लि.** कम्पनीले सकार्ने व्यहोर्ने गरि श्री कम्पनी रजिट्रारको कर्यालय त्रिपुरेश्वरबाट मिति २०८१।०८।११ को निर्णयअनुसार कम्पनीको नाम परिवर्तन भएको व्यहोरा सम्बन्धित सबैको जानकारीको यो सूचना प्रकाशित गरिएको छ ।

**कम्पनीको नाम परिर्वतन गरिएको सूचना**

**तेस्रो पटक प्रकाशित मितिः २०८१/०९/१७**

यस कम्पनीको मिति २०८१/०८/०५ मा सम्पन्न वार्षिक/विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनी **सुस्वस्थ्य ग्लोबल नेपाल फाउण्डेशन/**Suswsthya Global Nepal Foundation को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने सम्पूर्ण कर दायित्व आदि **सुस्वस्थ्य ग्लोबल नेपाल फाउण्डेशन/**Suswastha Global Nepal Foundation (परिवर्तित नाम) कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०७८/०५/२९ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **सुस्वस्थ्य ग्लोबल नेपाल फाउण्डेशन/**Suswastha Global Nepal Foundation (**प्रा.लि.नं.**३३६२९४) कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराइन्छ ।

**चौदण्डीगढी नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**बेल्टार, उदयपुर**
**कोशी प्रदेश, नेपाल**

**आ.व.२०८१/०८२ को लागि वालुवाको संकलन तथा बिक्री शुल्क उठाउने ठेक्का परिमाण संशोधन गरी बन्दोबस्ती सम्बन्धी ७ (सात) दिने (बढाबढ) विद्युतिय बोलपत्र आव्हानको सूचना**

कार्यालयबाट चौथो पटक सूचना प्रकाशित मितिः- २०८१/०९/१७

मिति २०८१।०७।०८ गते अन्नपुर्ण राष्ट्रिय दैनिक पत्रिकामा प्रथम पटक प्रकाशित बोलपत्र आव्हानको सूचना बमोजिम ठेक्का नं.०१/०८१/८२ वालुवा तर्फको सि.न. १ देखि ५ सम्म, तर्फको बोलपत्र फारम यस कार्यालयमा पेश हुन नआएको हुँदा चौथो पटक तपसिल बमोजिमको खोला, नदी, नालाहरुमा वालुवाको संकलन तथा बिक्री शुल्क उठाउने ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकाले इच्छुक फर्म वा कम्पनीहरुबाट तोकिएको अवधि ७ (सात) दिनभित्र रीतपूर्वकको (बढाबढ) बोलपत्र आव्हान गरिएको छ ।

**तपसिल**:- चौदण्डीगढी नगरपालिका क्षेत्रभित्र खोला तथा नदीहरूबाट उत्खनन गरिने नदीजन्य पदार्थको विवरण:

| बोलपत्र न./सूचना ठेक्का न. | सि. न. | खोला तथा नदीको नाम | ढुंगा, घ. मि. | ग्राभेल घ.मि | बालुवा घ. मि | जग्गा परिमाण घ. मि. | न्यूनतमकबोल अंक रू.(मु.अ.कर.बाहेक) (धरौटि रकम कबोल अंकको ५ प्रतिशत) |
|---|---|---|---|---|---|---|---|
| आय ठेक्का नं.०१/०८१/८२ वालुवा | १. | त्रियुगा खोला वडा-५ | ० | ० | ३,००० | ३,००० | ६,३५,५८०/- (अक्षरुपी छ लाख पैत्तिस हजार पाँच सय असी रुपैयाँ) |
| | २. | त्रियुगा खोला वडा-५ | ० | ० | ४,००० | ४,००० | ८,४७,४४०/- (अक्षरुपी आठ लाख सड्चालिस हजार चारसय चालिस रुपैयाँ) |
| | ३. | त्रियुगा खोला वडा न.-१० | ० | ० | ४,००० | ४,००० | ८,४७,४४०/- (अक्षरुपी आठ लाख सड्चालिस हजार चारसय चालिस रुपैयाँ) |
| | ४. | त्रियुगा हडियाखोला दोभान वडा-९ | ० | ० | ३,००० | ३,००० | ६,३५,५८०/- (अक्षरुपी छ लाख पैत्तिस हजार पाँच सय असी रुपैयाँ) |
| | ५. | सिवाई/त्रियुगाखोला दोभान वडा ५ | ० | ० | ४,००० | ४,००० | ८,४७,४४०/- (अक्षरुपी आठ लाख सड्चालिस हजार चारसय चालिस रुपैयाँ) |
| | **जम्मा** | | | | | **१८,000** | **३८,१३,४८0/- (अक्षरूपी अडत्तिस लाख तेह्र हजार चार सय असी रूपैयाा)** |

बालुवाको ठेक्का तर्फ सि.नं. १ देखि ५ सम्म एकमुष्ट वा कुनै एक क्षेत्र वा एक भन्दा बढी क्षेत्रमा आंशिक रुपमा पनि बोलपत्र कबोल गर्न सकिनेछ ।

**ठेक्कासम्बन्धी शर्तहरू**:-

१. बोलपत्र फारम खरिद गर्ने समय स् मिति २०८१।०९।१७ देखि २०८१।०९।२३ गते सम्मको अवधिभित्र ।
२. बोलपत्र फारम दर्ता गरी पेश गर्ने अन्तिम समय मिति २०८१।०९।२४ गते दिनको १२:०० बजे नगरपालिकाको कार्यालयमा। बोलपत्र प्रति ठेक्का फारम दस्तुर रू.३०००/- (तीन हजार मात्र) लाग्नेछ ।
३. चौदण्डीगढी नगरपालिकाको राष्ट्रिय वाणिज्य बैकमा आन्तरिक राजश्व खाता नं. २३७०१००३०१०१०००२ मा कारोवार (राजश्व संकेत नं. १४२२९ दस्तुर प्रशासनिक सेवा शुल्क) शिर्षकमा रकम दाखिला गरेको सक्कल बैंक भौचर भरी जम्मा गर्नुपर्नेछ। साथै बोलपत्रदाताले ठेक्का कवोल अंक बराबरको रकम यस नगरपालिकाको राष्ट्रिय वाणिज्य बैक बेल्टार शाखामा रहेको धरौटी खाता नं. २३७०१००३०३०००००२ मा जम्मा गरी सोको सक्कल भौचर वा यस नगरपालिकाको नाममा नेपाल राष्ट्र बैकबाट मान्यता प्राप्त बैंकले जारी गरेको कम्तीमा १२० दिन समयावधि भएको बैक ग्यारेन्टी (विड वण्ड) पेश गर्नुपर्नेछ ।
४. कोशी प्रदेश सरकारको आर्थिक ऐन, २०८१ को अनुसूची ६ मा बालुवाको दररेट प्रति क्यू फिट रू. ६.००। रुपैयाँ वा प्रति घनमिटर रू. २११।८६ (मु.अ.कर.वाहेक) को कायम रहेको छ ।
५. अन्य ठेक्कासम्बन्धि शर्तहरुको हकमा यस नगरपालिकाबाट मिति २०८१।०७।०८ गते प्रकाशित सूचना बमोजिम नै हुनेछन ।

**नोट**:- विस्तृत जानकारीका लागि यस नगरपालिकाको वेवसाइट www.chaudandigadhimun.gov.np, Facebook पेज सूचना पाटी र सम्पर्क नं. ०३५-४४०२४७ वा राजश्व शाखाको शाखा, मो.नं. ९८४२६७९००५ मा सम्पर्क गर्न सकिनेछ । साथै बोलपत्रदाताले सार्वजनिक खरिद अनुगमन कार्यालयको आधिकारिक वेवसाइट PPMO e-G bolpatra.gov.np/egp. बाट बोलपत्र सम्बन्धी कागजातहरु डाउनलोड तथा अपलोड गर्ने व्यवस्था रहेको छ ।

**प्रमुख प्रशासकीय अधिकृत**

## फिल्म '११:५५' चैत ८ मा प्रदर्शन हुने

क्राइम थ्रिलर जनरामा निर्माण भएको फिल्म '११:५५' (डु नट ट्रस्ट एनिवान) चैत्र ८ गतेदेखि प्रदर्शनमा आउने भएको छ । अंग्रेजी नयाँ वर्षको अवसर पारेर निर्माण युनिटले फिल्मको फर्स्टलुक पोस्टर सार्वजनिक गर्दै प्रदर्शन मिति बाहिर ल्याएको हो । फष्टलुक्स पोस्टरमा फिल्मका मुख्य कलाकार महेश त्रिपाठी, सृष्टी श्रेष्ठ, करिष्मा श्रेष्ठ, एमएस अग्रज र डेव्यु अभिनेता सागर खनाल प्रस्तुत छन् । फिल्मको लेखन तथा निर्देशन केशव पाण्डेले गरेका हुन् । उनको या डेव्यु फिल्म हो ।





# साहित्यकार अलका मल्ललाई रसियामा सम्मान






■ प्रभाव संवाददाता

**काठमाडौं** – साहित्यकार अलका मल्ल रसियामा सम्मानित भएकी छिन् । उनलाई २०२४ मा डिप्लोमा अफ दी मस्को सिटी अर्गनाइजेसन अफ दी राइटरस यूनियनद्वारा साहित्यकार 'अलका मल्ल' नेपालकै नयाँ पुस्ताकी पहिलो व्यक्तित्व छनौटमा परि सम्मान पत्र प्राप्त गरेकी हुन् ।

जुन हामी नेपालीको लागि गौरबको बिषय बन्न पुगेको छ । सम्मानित भएपछि उनले आफूले यस किसिमबाट सम्मानित हुने अपेक्षा नदिएको बनाउँदै भनिन्, 'मैले सोचेकी थिइन् सम्मानित हुन्छु भनेर तर निरन्तर लगावको नतिजा हुनुपर्छ । भविष्यमा साहित्य प्रति अझै मिहिनत गर्ने हौसला र चुनौती थपेको छ यो सम्मन पत्र ।'

वटु टोल, काठमाडौंमा जन्मेकी अलका लेवोरेटरी आवासिय माध्यामिक बिद्यालयबाट एस.एल.सी.र शंकर देब क्याम्पसबाट बि.कम. सम्म अध्ययन गरेकी छिन् । अलका मल्लले आज भन्दा दुई दशक अघि तिम्रो निम्ती एल्बम बजारमा ल्याएकी थिइन् । जुन एल्बममा प्रेम ध्वज प्रधान, लोचन भट्टराई, आनन्द कार्की, सपना परियार, अमर तण्डुकार आदि गायक गयिकाले स्वर दिएका थिए । रेडियो नेपालमा आफूद्वारा रचित गीतहरू आज पनि गुञ्जिरहेको सुन्दा प्रफुलिलत हुने बताउँछिन् ।

कलेज जीवनमा उनलाई रसिया जाने ठूलो चाहना थियो तर आमाको इच्छाविरुद्ध उनी मौन रहिन् । नेपालमै रहेर पनि धनन्जय श्रेष्ठद्वारा रसियन भाषामा अनुवादित उनको कविता तामारा पोटेम्कीनाद्वारा सन् २०२२ रसियामा प्रकाशित किताबमा 'म पनि त आमा मेरी आमा' शिषर्कको कविता छनौटमा पर्न सफल भएको थियो ।

# कवि शिरोमणि लेखनाथ पौड्यालको जन्मजयन्ती मनाइयो

■ प्रभाव संवाददाता

**गण्डकी–** कवि शिरोमणि लेखनाथ पौड्यालको जन्मजयन्तीका अवसरमा सोमबार विभिन्न व्यक्तित्वलाई सम्मान गरिएको छ ।

कवि शिरोमणि लेखनाथ पौड्यालको १४१औँ जन्मजयन्तीका अवसरमा कवि शिरोमणि लेखनाथ पौड्याल जन्मस्थल विकास समिति, लेखनाथ साहित्य प्रतिष्ठानको आयोजनामा कवि शिरोमणिको जन्मस्थल अर्घौं अर्चलेमा आयोजित एक कार्यक्रमबीच साहित्य अन्वेषक, स्रष्टा, विद्यार्थी लगायतलाई सम्मान गरिएको हो ।

कार्यक्रममा लेखनाथ साहित्य पुरस्कारबाट वरिष्ठ साहित्य अन्वेषक प्रा डा दयाराम श्रेष्ठ( सम्भव)लाई सम्मान गरिएको छ । उनलाई रु ५० हजार नगद, दोसल्ला र सम्मानपत्रबाट पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्य, नेपाल नाट्य तथा सङ्गीत प्रज्ञा-प्रतिष्ठानका पूर्वकुलपति सरुभक्तले संयुक्त रूपमा सम्मान गरेका हुन् । कुन्तिदेवी साहित्य पुरस्कारबाट साहित्यकार सरस्वती प्रतिक्षालाई सम्मान गरिएको छ । उनलाई रु २५ हजार नगद, दोसल्ला र सम्मानपत्रबाट सम्मान गरिएको हो ।

कार्यक्रममा चन्द्रकान्त ढकालको स्मृतिमा स्थापित एवं लेखनाथ साहित्य प्रतिष्ठानद्वारा सञ्चालित लेखनाथ सांस्कृतिक पुरस्कारबाट शिवहरि ढुङ्गानालाई पुरस्कृत गरिएको छ । उनलाई रु २५ हजार नगदसहित दोसल्ला र सम्मानपत्र प्रदानगरी पुरस्कृत गरिएको हो ।

मधुमाया शिक्षा पुरस्कारबाट जनज्योति माविमा यस वर्षको एसइईमा प्रथम हुने



करुणा गौतमलाई रु १० हजार नगदसहित सम्मान गरिएको छ ।

त्यस्तै लेखनाथ पत्रकार मञ्चद्वारा स्थापित लेखनाथ पत्रकारिता पुरस्कारबाट ऋषिकान्त पौडेल र शेरविष्णुमाया गुरुङ लेखनाथ पत्रकारिता पुरस्कारबाट दीपक परियारलाई सम्मानित गरिएको छ । उनीहरूलाई क्रमशः रु ११ हजार एक सय ११ र रु पाँच हजारसहित, दोसल्ला र सम्मानपत्रबाट सम्मान गरिएको हो ।

कार्यक्रममा पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्यले कवि शिरोमणिको जन्मस्थललाई साहित्यिक पर्यटनको गन्तव्यका रूपमा विकास गर्न लागिएको बताए । नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा-प्रतिष्ठानका पूर्वकुलपति साहित्यकार सरुभक्तले नेपाली साहित्यको विकासमा लेखनाथ पौड्यालले गरेको योगदान अतुलनीय भएको बताए ।

सम्मानित व्यक्तित्व प्रा डा श्रेष्ठले कवि शिरोमणिको जन्मस्थल साहित्यिक तीर्थस्थल भएको बताउँदै यसलाई साहित्यानुरागीको गन्तव्यका रूपमा विकास गर्नुपर्नेमा जोड दिए । कवि शिरोमणि जन्मस्थल विकास समितिका कार्यवाहक अध्यक्ष गोपिराज पौडेलको अध्यक्षता एवं लेखनाथ साहित्य प्रतिष्ठानका सचिव कृष्णप्रसाद पौडेलले सञ्चालन गरेको कार्यक्रममा पौडेल वंश महासंघका केन्द्रीय अध्यक्ष हरिराम पौडेल, गण्डकी प्रज्ञा-प्रतिष्ठानका कुलपति सूर्यबहादुर खड्का बिखर्ची, लेखनाथ साहित्य प्रतिष्ठानका अध्यक्ष पद्मराज ढकाललगायत सम्मानित व्यक्तित्वले नेपाली साहित्यको विकासका लागि लेखनाथ पौड्याल पुऱ्याएको योगदानबारे प्रकाश पारेका थिए ।



### पोखरा ओपन टेनिस

# आरव र सुनिरा च्याम्पियन

■ प्रभाव संवाददाता

**कास्की–** पोखरामा आयोजना गरिएको २१औँ संस्करणको 'माछापुच्छ्रे बैंक पोखरा ओपन तथा भेट्रान्स' टेनिस प्रतियोगिताको उपाधि आरव सम्राट हाडा र सुनिरा थापाले जितेका छन् ।

कास्की जिल्ला टेनिस संघद्वारा यही पुस ११ गतेदेखि सुरू भएको उक्त प्रतियोगिताको मंगलबार सम्पन्न फाइनलमा पुरूष एकलतर्फ आरव सम्राट हाडाले प्रनव मानन्धरलाई ६-१ र ६-१ अंकले पराजित गरे । यसअघि सोमबार सम्पन्न सेमिफाइनलमा नेपालका शीर्ष बरियताका प्रदिप खड्कालाई २-१ सेटमा पराजित गरी आरवले फाइनलमा प्रनवसँगको भेट पक्का गरेका थिए । प्रनवले भने सेमिफाइनलमा निशान श्रेष्ठलाई ६-१ र ६-१ अंकले हराएका थिए ।

यसैगरी महिलातर्फ सुनिराले सलोनीलाई ६-२ र ६-३ अंकले पराजित गरी उपाधि जितिन् । खुलातर्फ च्याम्पियन भएका दुबैले समान रू ८० हजार, ट्रफी र मेडल प्राप्त गरे । उपविजेताले जनही रू ४० हजारका साथमा ट्रफी प्राप्त गरे ।

यसैगरी ३५ वर्ष माथिको उमेर समूहमा एकलतर्फ जितेन्द्र परियारले प्रतिद्वन्द्वी सन्तोष खत्रीलाई ६-१ र ६-२ अंकले पराजित गर्दै च्याम्पियन भए । उनले रू ६० हजार र उपविजेता सन्तोषले रू ३० हजारका साथमा




ट्रफी पाए । प्रतियोगितामा ४५ वर्ष माथिको एकलतर्फको फाइनलमा कमल भण्डारी बिजेता बने । रोहित सुनुवारलाई ६-० र ६-२ अंकले पराजित गर्दै उनले रू ४० हजार तथा उपविजेता रोहितले रु २० हजारसहित ट्रफि प्राप्त गरे ।

यस्तै ५५ वर्ष माथिको फाइनल स्पर्धामा चन्द्र शाही विजयी भए । उनले जीवन घिमिरेलाई ६-२ र ६-२ अंकले हराए । विजेता चन्द्रले रू ३० हजार तथा उपविजेता जीवनले रू १५ हजार पुरस्कार प्राप्त गरेको प्रतियोगिताका निर्देशक कुमार अधिकारीले जानकारए ।

विजेता खेलाडीलाई प्रतियोगिताको मुख्य प्रायोजक माछापुच्छ्रे बैंकका संस्थापक तथा केसी ग्रुपका निर्देशक किरण केसी, नेपाल टेनिस संघका उपाध्यक्ष विनोद कायस्थ, प्रतियोगिताका संयोजक नवीन चालिसे, संघका कोषाध्यक्ष विष्णुबहादुर थापा, सचिव भीष्मराज पौडेललगायतले नगद तथा ट्रफी वितरण गरे । प्रतियोगितामा एक सय ४० खेलाडी सहभागी थिए ।

### ललित स्मृति एन्फा यू-१८ लिग

# पुलिसलाई हराउँदै एनआरटी बन्यो उपविजेता

■ प्रभाव संवाददाता

**काठमाडौं–** लिग विजेता नेपाल पुलिस क्लबमाथि पुनरागमन जित हासिल गर्दै न्युरोड टिम (एनआरटी) ललित स्मृति एन्फा यु-१८ युथ लिगमा उपविजेता बनेको छ ।

सातदोबाटोस्थित एन्फा कम्प्लेक्सको मैदानमा मंगलबार भएको खेलमा लिग जितिसकेको विभागीय टोली नेपाल पुलिस क्लबलाई अन्तिम खेलमा २-१ ले पराजित गर्दै एनआरटी दोस्रो स्थान हात पार्न सफल भएको हो । योसँगै लिग विजेतासँग एक अंकले पछि परेको एनआरटीले २२ खेलबाट ४७ अंक जोड्यो । एनआरटीभन्दा दुई अंक कम जोडेको संकटा तेस्रो भयो ।

संकटाले मंगलबार नै भएको अन्तिम खेलमा एपिएफलाई ३-१ ले पराजित गरेको थियो । कप्तान सुवास बमले खेलको नवौं मिनेटमा पुलिसलाई सुरुआती अग्रता दिलाएका थिए । तर, दोस्रो हाफको अतिरिक्त समयमा पुकार गोलेले गोल गर्दै एनआरटीलाई खेलमा फर्काए। ५४औं मिनेटमा अजित तामाङले गोल गर्दै एनआरटीको जित पक्का गरे ।

# मिक्समान्डु र सिइसी क्वार्टरफाइनलमा

■ प्रभाव संवाददाता

**काठमाडौं–** तारकेश्वर युवा क्लबद्वारा आयोजित स्युचाटार क्रिकेट लिग इन्डोर टि-टेन प्रतियोगिताको दोस्रो दिनको खेलहरू सम्पन्न भएका छन् । काठमाडौ स्युचाटार स्थित तारकेश्वर क्रिकेट क्लबको इन्डोर मैदानमा मंगलबार सम्पन्न सातवटा खेलहरूमा टिम बिडीएस, तारकेश्वर युथ क्लब, थानकोट वारियर्स, हिमालयन क्रिकेट एकेडेमी, क्रिकेट एक्सिलेन्स सेन्टर, मिक्समान्डु विजयी भएका छन् ।

पहिलो खेलमा समुह 'सी' अन्तर्गत टिम बिडिएसले स्याङ्जा एभेन्जर्सलाई चार विकेटले पराजित गऱ्यो । ७९ रनको लक्ष्य पछ्याउने क्रममा टिम बिडिएसले चार विकेट गुमाएर ९ दशमलव ३ ओभरमा लक्ष्य पूरा गऱ्यो । प्लेयर अफ द म्याच घोषित टिम बिडिएसका जतिन थापाले २९ रन बनाए । सबै ४ खेलमा जित पछि टिम बिडीएस समुह विजेताको रूपमा क्वाटरफाइनलमा प्रवेश गरेको छ भने सबै ४ खेलमा पराजित स्याङ्जा बाहिरिएको छ । दोस्रो खेलमा समुह 'ए' अन्तर्गत तारकेश्वर युथ क्लबले हसनटार युथ क्लबलाई ११ रनले पराजित गऱ्यो । ५० रनको लक्ष्य पाएको हसनटारले ३८ रनमा सबै विकेट गुमायो । प्लेयर अफ द म्याच घोषित दीपक रेग्मीले तीन विकेट लिए ।

तेस्रो खेलमा समुह 'डी' अन्तर्गत थानकोट वारियर्सले पाञ्चायन युथ क्लबलाई सात विकेटले पराजित गऱ्यो । ५६ रनको लक्ष्य थानकोटले ३ दशमलव २ ओभरमा विकेट नगमाई पूरा गऱ्यो । प्लेयर अफ द म्याच घोषित थानकोटका प्रनिश श्रेष्ठले २४ रन




बनाए । दुवै टिम यस अघिनै समुह चरणबाट बाहिरिसकेका छन् ।

चौथो खेलमा समुह 'सी' अन्तर्गत हिमालयन क्रिकेट एकेडेमीले स्याङ्जा वारियर्सलाई चार विकेटले पराजित गऱ्यो । ५२ रनको लक्ष्य हिमालयन क्रिकेट एकेडेमीले आठ दशमलव ४ ओभरमा तीन विकेट गुमाएर पूरा गऱ्यो । प्लेयर अफ द म्याच घोषित जयन्त बिष्टले एक विकेट लिनुको साथै १७ रन बनाए ।

पाँचौं खेलमा समुह 'ए' अन्तर्गत क्रिकेट एक्सिलेन्स सेन्टर (सीईसी)ले चक्रवर्ती ल कलेजलाई ५० रनले पराजित गऱ्यो । ८७ रनको लक्ष्य पछ्याउने क्रममा चक्रवर्ती ३६ रनमा अलआउट भयो । प्लेयर अफ द म्याच घोषित क्रिकेट एक्सिलेन्स सेन्टरका राज बमले तीन विकेट दिनुको साथै १४ रन पनि बनाए । जितपछि क्रिकेट एक्सिलेन्स सेन्टर तिनवटै खेलमा जितको साथ क्वार्टरफाइनल पुगेको छ ।

छैटौं खेलमा समुह 'डी' अन्तर्गत मिक्समाण्डुले थानकोट वारियर्सलाई १५ रनले पराजित गऱ्यो । ५३ रनको लक्ष्य पछ्याउने क्रममा थानकोट वारियर्स ३७ रनमा अलआउट भयो । प्लेयर अफ द म्याच घोषित मिक्समान्डुका नवीन यादवले १४ रन बनाउनुको साथै दुई विकेट पनि लिए । समुह 'डी' बाट ग्रेट हिमालय क्रिकेट एकेडेमी समुह विजेता र मिक्समान्डु समुह उपविजेताको रूपमा क्वाटरफाइनलमा प्रवेश गरेको छ ।

सातौं तथा अन्तिम खेलमा समुह 'ए' अन्तर्गत क्रिकेट एक्सिलेन्स सेन्टर (सीईसी)ले हसनटार क्लबलाई ४८ रनले पराजित गऱ्यो । ९४ रनको लक्ष्य पछ्याउने क्रममा हसनटारले ४५ रन मात्र बनाउन सक्यो । प्लेयर अफ द म्याच घोषित राज बमले ४० रन बनाए । हसनटार ४ खेलमा १ मात्र जितपछि क्वाटरफाइनल दौडबाट बाहिरिएको छ ।

पाँचौ दिनको खेलपछि हालसम्म समुह 'ए' बाट क्रिकेट एक्सिलेन्स सेन्टर (सीईसी), समुह 'बी' बाट किंग्स क्रिकेट एकेडेमी र स्टुडियो सेभेन, समुह 'सी' बाट टिम बिडीएस, समुह 'डी' बाट ग्रेट हिमालय क्रिकेट एकेडेमी र मिक्समान्डु क्वाटरफाइनलमा प्रवेश गरेका छन् ।

प्रतियोगिता अन्तर्गत छैटौं दिन बुधबार पनि लिग चरणका ६ वटा खेलहरू हुनेछन् । लिग कम नकआउट आधारमा हुने प्रतियोगिताको विजेताले १ लाख र उपविजेताले ५० हजार नगद पुरस्कार प्राप्त गर्ने छन् ।

# महाअभियोग लगाइएका दक्षिण कोरियाली राष्ट्रपति युनविरुद्ध पक्राउ पुर्जी जारी



**सियोल–** दक्षिण कोरियाली अदालतले महाअभियोग लगाइएका निलम्बित राष्ट्रपति युन सुक येओलविरुद्ध पक्राउ पुर्जी जारी गरेको छ । अनुसन्धानकर्ताहरूका अनुसार यो पक्राउ पुर्जी देशमा सैन्य शासन लागू गर्ने उनको छोटो प्रयासको सम्बन्धमा जारी गरिएको हो ।

युनले यस महिना नागरिक शासनलाई केही समयका लागि निलम्बन गरे । यसले दक्षिण कोरियालाई दशकौंको सबैभन्दा खराब राजनीतिक संकटमा धकेलेको थियो । उनको उक्त कार्यलाई लिएर संसद्ले उनलाई राष्ट्रपतिको जिम्मेवारीबाट हटायो तर महाभियोग पुष्टि गर्ने कि नगर्ने संवैधानिक अदालतको फैसला विचाराधीन छ ।

'संयुक्त अनुसन्धान मुख्यालयले अनुरोध गरेबमोजिम राष्ट्रपति युन सुक येओलका लागि पक्राउ पुर्जी र खानतलासी पुर्जी आज (मंगलबार) बिहान जारी गरिएको छ,' संयुक्त अनुसन्धान मुख्यालयले एक विज्ञप्तिमा भनेको छ ।

दक्षिणपन्थी नेता युनले विद्रोहको आपराधिक आरोपको सामना गरिरहेका छन् । यसको परिणाम आजीवन कारावास वा मृत्युदण्डसमेत हुनसक्छ । निलम्बित राष्ट्रपति तेस्रोपटक सोधपुछका लागि उपस्थित नभएपछि अनुसन्धानकर्ताहरूले सोमबार पक्राउ पुर्जीको माग गरेका थिए । 'व्यक्तिले न्यायोचित कारणहरूविना समनको पालना गर्न अस्वीकार गर्नसक्ने चिन्ताका कारण पक्राउ पुर्जी जारी गरिएको हो र त्यहाँ अपराध भएको शंका गर्न पर्याप्त सम्भावित कारण छ,' युनलाई प्रहरी चौकी वा सियोल हिरासत केन्द्रमा राख्न सकिने जानकारी दिँदै भ्रष्टाचार अनुसन्धान कार्यालय (सिआइओ) का एक अधिकारीले मंगलबार पत्रकार सम्मेलनमा भने, 'पक्राउ पुर्जी जनवरी ६ सम्म मान्य छ ।'

युनका वकिलले अनुसन्धानकर्ताहरूसँग राष्ट्रपतिको जाँच गर्ने अधिकार नभएको बताउँदै महाअभियोग लगाइएका राष्ट्रपतिको पक्राउ पुर्जीलाई 'गैरकानुनी र अमान्य' भनेका छन् । 'अनुसन्धान गर्ने अधिकार नभएको निकायको अनुरोधमा जारी गरिएको पक्राउ पुर्जी र खानतलासी तथा जफत पुर्जी गैरकानुनी र अमान्य छन्,' वकिल युन काब-केउनले एएफपीलाई पठाएको विज्ञप्तिमा उल्लेख छ ।

### पक्राउ ?

पक्राउ पुर्जी जारी भए पनि अनुसन्धानकर्ताहरू र प्रहरीले यसलाई कार्यान्वयन गर्न सक्ने वा नसक्ने अस्पष्ट छ । राष्ट्रपति सुरक्षा सेवाले पहिले नै तीनवटा खानतलासी पुर्जी पालना गर्न अस्वीकार गरेको थियो । मंगलबार राष्ट्रपति सुरक्षा सेवाले स्थानीय सञ्चारमाध्यमलाई दिएको विज्ञप्तिमा भनिएको छ, 'पुर्जीको कार्यान्वयनसम्बन्धी सुरक्षा उपायहरू कानुनी प्रक्रिया अनुसार गरिने छ ।' तर डेमोक्रेटिक सोसाइटीका वकिलहरूका अध्यक्ष वकिल युन बोक-नामले खानतलासी पुर्जी अस्वीकार गर्न कानुनी आधार भए पनि 'पक्राउ पुर्जीका लागि त्यस्तो कुनै प्रावधान छैन' भने ।

'म (पक्राउ) प्रक्रिया सहजरूपमा अघि बढ्ने अपेक्षा गर्छु,' उनले भने । साथै उनले पुर्जी सामान्यतया सात दिनसम्म मान्य हुने र त्यस अवधिभित्र कार्यान्वयन गर्नुपर्ने जानकारी दिए । सम्भावित झडपहरूलाई रोक्ने प्रयासमा सियोलको केन्द्रमा रहेको युनको निवासबाहिर मंगलबार बिहानै प्रहरी परिचालन गरिएको थियो ।

युनका समर्थक र उनलाई हटाउन माग गर्ने प्रदर्शनकारीहरू दुवैले उनको निवास घेरेका छन् । स्थानीय सञ्चारमाध्यमले रातभर दुई समूहबीच भएका झडपका तस्बिरहरू प्रसारण गरेका छन् । 'अनुचित र अवैध पक्राउ पुर्जीको विरोधमा तीन हजारसम्म मानिस प्रदर्शनमा उत्रने छन्,' युनलाई समर्थन गर्ने सबैभन्दा ठूलो विरोध समूहका एक अधिकारीले भने ।

स्थानीय सञ्चारमाध्यमका अनुसार अनुसन्धानकर्ताहरूले राष्ट्रपति सुरक्षा सेवासँग समन्वय गर्न खोज्ने भएकाले तत्काल पक्राउ वा राष्ट्रपति निवासको खानतलासी हुने सम्भावना कम छ । प्राविधिकरूपमा पक्राउ पुर्जीको कार्यान्वयनमा बाधा पुर्‍याउने जोसुकैलाई पक्राउ गर्न सकिन्छ ।

### संयुक्त अनुसन्धान


एएफपीले हेरेको १० पृष्ठको अभियोजकको प्रतिवेदनमा युनले आफ्नो असफल मार्सल ल प्रयासका क्रममा आवश्यक परे संसद्मा प्रवेश गर्न सेनालाई हतियार प्रयोग गर्न अधिकार दिएको उल्लेख छ । युनका वकिलले पहिले नै अभियोजकहरूको प्रतिवेदनलाई खारेज गर्दै 'यो वस्तुगत परिस्थिति वा सामान्य ज्ञानसँग मेल नखाने एकपक्षीय विवरण हो' भनेका थिए ।


युनले डिसेम्बर ३ मा अघोषित टेलिभिजन सम्बोधनमा 'राज्य विरोधी तत्वहरू' लाई उन्मूलन गर्ने लक्ष्य राखेको भन्दै मार्सल लको घोषणा गरेका थिए । घोषणा भएको केही मिनेटमै सांसदहरू संसद्मा पुगेर यसलाई अस्वीकार गर्न मतदान गरेका थिए । त्यसै समयमा पूर्ण हतियारधारी सैनिकहरूले भवनमा धावा बोले, बार नाघे, झ्यालहरू फोरे र हेलिकप्टरबाट अवतरण गरे ।

अभियोजन अभियोगपत्र अनुसार युनले राजधानी रक्षा कमाण्डका प्रमुख ली जिन-वूलाई राष्ट्रिय सभामा प्रवेश गर्न आवश्यक परेमा सैन्य बलले गोली चलाउन सक्ने बताएका थिए । मार्चको सुरुमा युनले वरिष्ठ सैन्य अधिकारीहरूसँग मार्सल ल घोषणा गर्नेबारे छलफल गरिरहेको प्रमाण रहेको पनि प्रतिवेदनमा उल्लेख छ ।

युनको प्रतिस्थापनमा आएका हान डक-सूलाई पनि युनको अनुसन्धानका लागि विधेयकहरूमा हस्ताक्षर नगरेको आरोपमा संसद्ले महाभियोग लगाएपछि दक्षिण कोरियाको राजनीतिक संकट गत हप्ताको अन्त्यमा झन् गहिरियो । अर्थमन्त्री चोई साङ-मोकले नयाँ कार्यवाहक राष्ट्रपतिको रूपमा पदभार सम्हालेका छन् र आइतबार १७९ जनाको ज्यान लिने जेजु एयर विमान दुर्घटनाको विपत्तिसँग तत्काल जुध्नुपरेको छ । *रासस/एएफपी*

# पुटिनलाई नयाँ वर्षको सन्देशमा 'विश्व शान्ति' प्रवर्द्धन गर्ने सीको वाचा





**बेइजिङ–** चिनियाँ राष्ट्रपति सी चिनफिङले आफ्ना रुसी समकक्षी भ्लादिमिर पुटिनलाई नयाँ वर्षको सन्देशमा 'विश्व शान्ति' प्रवर्द्धन गर्ने प्रतिबद्धता व्यक्त गरेका छन् । सरकारी प्रसारक सिसिटिभीका अनुसार सीले भने, 'अन्तर्राष्ट्रिय परिस्थिति जस्तोसुकै परिवर्तन भए पनि चीन सुधारलाई थप व्यापक रूपमा गहिरो बनाउन... र विश्व शान्ति तथा विकासलाई प्रवर्द्धन गर्न दृढ रहने छ ।'

सन् २०२२ फेब्रुअरीमा छिमेकी युक्रेनमा पुटिनले पूर्ण आक्रमण गरेपछि चीनले संयुक्त राज्य अमेरिका र अन्य पश्चिमी राष्ट्रहरूको विपरीत आफूलाई तटस्थ पक्षका रूपमा प्रस्तुत गर्न खोजेको छ । तर चीन रुसको घनिष्ठ राजनीतिक र आर्थिक साझेदार बनेको छ । जसका कारण केही नाटो सदस्यहरूले बेइजिङलाई युद्धको 'सक्षमकर्ता' ब्राण्ड गर्न प्रेरित गरेका छन् । युद्धलाई बेइजिङले कहिल्यै निन्दा गरेको छैन ।

सिसिटिभीका अनुसार सीले पुटिनलाई भने, 'एक शताब्दीमा नदेखिएका तीव्र विकासोन्मुख परिवर्तनहरू र अशान्त अन्तरा्ष्ट्रिय परिस्थितिको सामना गर्दै चीन र रूस गुटनिरपेक्षता, गैरटकराव र कुनै तेस्रो पक्षलाई लक्षित नगर्ने सही मार्गमा निरन्तर हातेमालो गर्दै अघि बढेका छन् ।'

दुवै राष्ट्रपतिबीच बलियो व्यक्तिगत सम्बन्ध छ । सीले आफ्ना रूसी समकक्षीलाई आफ्नो 'सबैभन्दा असल मित्र' भनेका छन् भने पुटिनले उनलाई आफ्नो 'भरपर्दो साझेदार' मान्छन् । युक्रेनमा रूसको युद्धले प्रदर्शित गरेजस्तै पश्चिमी देशहरूसँग बढ्दो तनावको एक दशकका बावजुद उनहरूको सम्बन्ध स्थिर रहेको छ ।

सिसिटिभीका अनुसार 'दुई देशबीचको सम्बन्धमा नयाँ महत्त्वपूर्ण कोसेढुंगाको प्रतिनिधित्व गर्दै' सन् २०२४ मा चीन र रुसबीच कूटनीतिक सम्बन्ध स्थापनाको ७५औं वार्षिकोत्सव भएको कुरा सीले पुटिनलाई उल्लेख गरे । 'साढे तीन दशकको उतारचढावपछि, चीन-रूस सम्बन्धहरू अझ परिपक्व र स्थिर बन्दै गएका छन्,' सीले भने । *रासस/एएफपी*


## को-म्हेन्दो बचत तथा ऋण सहकारी संस्था लिमिटेडको
## गैह सहकारी अचल सम्पत्ति लिलाम बिक्री गर्ने बारे ७ दिने सूचना

**सूचना प्रकाशित मितिः २०८१/०९/१७**

यस को-म्हेन्दो बचत तथा ऋण सहकारी संस्था लिमिटेडको नाउँमा मालपोत कार्यालय मनमैजु,काठमाडौं दर्ता श्रेस्ता कायम रहेको काठमाडौं जिल्ला काभ्रेस्थली वडा नं.५ को तपसिलमा उल्लेखित जग्गा र उक्त जग्गाले चर्चेको सम्पूर्ण लिगलगापातहरु जे जस्तो अवस्थामा छ सोहि अवस्थामा गोप्य शिलबन्दी बोलपत्र मार्फत बढाबढ गराई बिक्री गर्न यो ७ दिने सूचना प्रकाशित गरिएको छ । उक्त जग्गा र सो जग्गाले चर्चेको लिगलगापातहरु लिलाम बढाबढ गरि लिन ईच्छुक महानुभावहरुले तल उल्लेखित शर्तहरु पालना गर्ने गरि का.म.न.पा.१० बुद्धनगर-नयाँबानेश्वर, काठमाडौं स्थित यस संस्थाको कार्यालयमा आफुले लिन चाहेको मूल्य खोलि शिलबन्दी बोलपत्र पेश गर्नुहुनका लागि सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

| क.स. | गा.वि.स./न.पा. | वडा न | नक्सा सिट नं. | कि.नं. | क्षेत्रफल | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | जिल्ला : काठमाडौं, काभ्रेस्थली | ५ | ५घ | ७३० | ०-५-०-० (रोपनी) १५८.९५ वर्ग मिटर | |

**लिलाम बिक्रीका शर्तहरु :**

१. बोलपत्र फारम कार्यालय समयमा यस सस्थाको कार्यालय का.म.न.पा १०, बुद्धनगर-नयाँबानेश्वर बाट प्राप्त गर्न सकिनेछ ।
२. लिलाम गोप्य शिलबन्दी बोलपत्रका आधारमा डाक बढाबढका आधारमा हुनेछ ।
३. अचल सम्पत्ती निरीक्षण गर्न चाहनेले बोलपत्र दाखिला गर्नु अघि कार्यालयमा सम्पर्क गर्न सकिनेछ ।
४. बोलपत्र पेश गर्दा बोलकबोल अंकको १०% ले हुने रकम धरौटी स्वरुप यस सस्थाको नाममा रहेको महालक्ष्मी विकास बैंक लि.मा जम्मा गरी सक्कल भौचर, बोलपत्र फारम र नागरिकताको फोटोकपी सहित शिलबन्दी राखी पेश गर्नुपर्नेछ ।
५. बोलपत्र दाखिला गर्दा बोलपत्रको भित्र तथा बाहिरपट्टी जुन धितोको लागि बोलपत्र दाखिला गरेको हो, सो को विवरण उल्लेख गर्नुपर्नेछ ।
६. बोलपत्र खोलिने दिन बोलपत्र दाता वा निजको आधिकारिक प्रतिनिधि उपस्थिती नभएपनि बोलपत्र खोल्न कुनै बाधा पुग्ने छैन ।
७. रित नपुगेको वा म्याद भित्र दाखिल नभएको बोलपत्रहरु स्वत रद्द हुनेछ ।
८. बोलपत्र दाताले बोलपत्र स्वीकृत भएको सूचना पाएको मितिले ७ सात दिनभित्र आफुले कबोल गरेको सम्पूर्ण रकम बुझाई सुरक्षणमा रहेको सम्पत्ती आफनो जिम्मा लिनुपर्नेछ । सो म्याद भित्र नबुझाएमा धरौटी बापत जम्मा गरको १०% प्रतिशत रकम स्वतः जफत हुनेछ ।
९. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार संस्थामा निहित हुनेछ ।
१०. सम्पत्ती दाखिल खारेज नामसारी गर्दा लाग्ने राजश्व सम्पुर्ण दै दस्तुर तथा शुल्क आदि सम्पूर्ण खर्च सकारकर्ता स्वयंले व्यहोर्नु पर्नेछ ।

**शिलबन्दी बोलपत्र पेश गर्ने अन्तिम मिति २०८१/०९/२३ (१:०० बजे भित्र)**

**बोलपत्र खोलिने मितिः २०८१/०९/२४ (दिनको १४:०० बजे)**

**स्थान : को-म्हेन्दो बचत तथा ऋण सहकारी संस्था लिमिटेड**
**का.म.न.पा.१०, काठमाण्डौ, फोन नं.०१-५९०९२९०**


# जापानमा भारी हिमपातले बिदाको हवाई यातायातमा अवरोध



**टोकियो–** लाखौं परिवार आफ्ना प्रियजनहरूसँग नयाँ वर्षको छुट्टी बिताउन घर फर्किरहेको बेला जापानको उत्तरी क्षेत्रमा भारी हिमपातले मंगलबार दर्जनौं उडान रद्द गर्‍यो । जापान एयरलाइन्सले मंगलबार दिउँसोसम्म ४२ वटा उडान रद्द गरेको र छ हजार ३९८ यात्रुलाई असर गरेको बताएको छ । ती सबै होक्काइडोको उत्तरी टापुबाट आवतजावत गर्ने सेवा थिए ।

यसको मुख्य प्रतिद्वन्द्वी एएनएले पनि उत्तरमा खराब मौसमका कारण ८०० यात्रुलाई प्रभावित पार्दै १४ उडान रद्द गर्‍यो र आफ्ना ग्राहकहरूलाई सम्भावित ढिलाइ र थप रद्दको चेतावनी दियो । होक्काइडोको मुख्य विमानस्थलमा यात्रुहरूले वैकल्पिक उडानहरू सुरक्षित गर्न लामो लाइनहरू बनाए । केहीले सन् २०२५ को स्वागत प्रस्थान कक्षमै गर्ने तयारी गरे ।

'हिउँ देख्न पाउँदा राम्रो थियो तर म यहाँ फस्छु भन्ने मैले सोचेको थिइनँ,' दक्षिणको ओकिनावा घर जान खोजिरहेका एक व्यक्तिले प्रसारणकर्ता एचटिभीलाई भने, 'के गर्ने मलाई थाहा छैन । म आज राति विमानस्थलमा बस्नुपर्ने हुन सक्छ ।'

जापानको मौसम विज्ञान एजेन्सीका अनुसार होक्काइडो र जापान सागर फर्केका उत्तरी तटरेखाका समुदायहरूले मंगलबार तीव्र हावा र भारी हिमपातको अनुभव गरिरहेका छन् । मौसम एजेन्सीका अनुसार सोमबारदेखि होक्काइडोका केही क्षेत्रमा २० सेन्टिमिटर (७.९ इञ्च) भन्दा बढी हिमपात भएको छ । जसमध्ये धेरैजसो मंगलबार बिहान परेको थियो र नयाँ वर्षको दिनसम्म हिमपात जारी रहने अपेक्षा गरिएको छ ।

जलवायु परिवर्तनका कारण चरम गर्मीले विश्वका धेरै भागहरू ओगटेसँगै यस वर्ष जापानको गर्मी रेकर्ड सन् २०२३ को बराबर थियो । राष्ट्रिय मौसम एजेन्सीका अनुसार १२६ वर्षअघि रेकर्ड सुरु भएदेखि शरद ऋतु सबैभन्दा तातो थियो । माउन्ट फुजीको प्रसिद्ध हिउँको टोपी पनि यस वर्ष अहिलेसम्मकै सबैभन्दा लामो अवधिसम्म अनुपस्थित रह्यो । सामान्यतया अक्टोबरको सुरुमा देखिने भए पनि यो नोभेम्बरको सुरुसम्म देखिएन । *रासस/एएफपी*


**युएइमा रोजगार** कम्पनी : UNITED INTERNATIONAL GROUP-MANPOWER RECRUITMENT DIVISION LLC

पूर्व स्वीकृति मिति : २०८१/०९/१६ LT. No. 316272 चलानी नं. ६०२३०५८९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Building Labour | 30 | 0 | 800 | ३०,००० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Carpenter | 50 | 0 | 1200 | ४४,८६५ | | | | | | | |
| 3 | Mason | 50 | 0 | 1200 | ४४,८६५ | | | | | | | |
| 4 | Steel Fixer | 50 | 0 | 1200 | ४४,८६५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ पौष २४ गते (8th Jan. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्याहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्याहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्याहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्याहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्वरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

MOBHIRA H.R. SERVICE PVT. LTD.
Gaushala, Bijayachowk, Kathmandu BAGMATI, Tel : +977-1-4588855/4588856, mail: mobhirahr@gmail.com
श्रम ईजाजत नं. १००१/०६८/६९

**कुवेतमा रोजगार** कम्पनी : MARACESHYA LADIES BEAUTY SALON COMPANY S.S.W

पूर्व स्वीकृति मिति : २०८१/०९/१६ LT. No. 316420 चलानी नं. ६०२३०६२२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Beautician | 0 | 6 | 200 | ८८,८८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ पौष २४ गते (8th Jan. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्याहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्याहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्याहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्याहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्वरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Al Kausar Human Resource Pvt.Ltd. (Makawanpur Overseas Pvt. Ltd.)
श्रम ईजाजत नं.११४२/०७३/०७४
Gairigaun - Tinkune, Kathmandu, Nepal Tel: +977 1 4442794, E-mail : alkausar.hrm@gmail.com

**कतारमा रोजगार** कम्पनी : British Modern International School

पूर्व स्वीकृति मिति : २०८१/०९/१६ LT. No. 316342 चलानी नं. ६०२३०६१६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Asst. Teacher | 0 | 5 | 1900 | ७१,३७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | General Cleaning Worker | 0 | 5 | 1000 | ३७,५६५ | | | | | | | |

कम्पनी : KARAK MQANEES

पूर्व स्वीकृति मिति : २०८१/०६/०४ पुन विज्ञापन स्वीकृति मिति : २०८१/०९/१६ LT. No. 311073 चलानी नं.६०२२५६१९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Waitress | 0 | 1 | 1500 | ५६,३४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ पौष २४ गते (8th Jan. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्याहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्याहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्याहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्याहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्वरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

ASLIYA MANPOWER SUPPLY PVT. LTD.
श्रम ईजाजत नं. १६६९/०८०/०८१
Kathmandu Metropolitan City-9, Gairigaun, Bagmati Province, Phone No. 9843148012, 9707934456

**कुवेतमा रोजगार** कम्पनी : National Carrier Company for Freight Transporting

पूर्व स्वीकृति मिति : २०८१/०९/१६ LT. No. 316381 चलानी नं. ६०२३०६०८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Driver | 25 | 0 | 150 | ६६,६६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ पौष २४ गते (8th Jan. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्याहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्याहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्याहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्याहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्वरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

National Exports Manpower Consultant Pvt. Ltd.
Sinamangal-9, Kathmandu, Nepal, Phone No.: +977-1-4478786, E-mail : nationalexportsmc@gmail.com

**कतारमा रोजगार** कम्पनी : M/S EVEREST MOMO CENTER

पूर्व स्वीकृति मिति : २०८१/०९/०९ LT. No. 315974 चलानी नं. ६०२३०२४७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | ASSISTANT COOK | 1 | 0 | 1700 | ६३,५२७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Cashier | 2 | 0 | 1700 | ६३,५२७ | | | | | | | |
| 3 | Cooker | 2 | 0 | 1800 | ६७,२६३ | | | | | | | |
| 4 | Driver | 1 | 0 | 1800 | ६७,२६३ | | | | | | | |
| 5 | Representative | 1 | 0 | 2500 | ९३४२२ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ पौष २४ गते (8th Jan. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्याहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्याहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्याहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्याहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्वरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Humour Overseas Pvt. Ltd.
Gwarko-7, Lalitpur, Tel No. +977-01-5528563, 5531210, 5525424
Email : humouroverseas777@gmail.com, infohumour@gmail.com, www.humouroverseas.com
श्रम ईजाजत नं. ७७७/०६५/०६६

**साउदीमा रोजगार** कम्पनी : Maven Athar Foundation for Marketing Services

पूर्व स्वीकृति मिति : २०८१/०९/१६ LT. No. 316362 चलानी नं.६०२३०६०३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Assembler for plastic products | 2 | 0 | 1400 | ५१,१६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : ASEEL AL-HADD ENTERTAINMENT COMPANY

पूर्व स्वीकृति मिति : २०८१/०६/११ पुन विज्ञापन स्वीकृति मिति : २०८१/०९/१६ LT. No. 310875 चलानी नं.६०२२६०५६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Blacksmith | 18 | 0 | 1400 | ५१,१६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ पौष २४ गते (8th Jan. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्याहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्याहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्याहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्याहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्वरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

SUHASHA LINK PVT. LTD.
License No. : 333/059/60
Samakhusi-14, Tokha, Kathmandu, Nepal, Tel: 01 4982668, 4962338
Email : suhashafrontdesk956@gmail.com, documentationsuhasa@gmail.com,

## वर्गीकृत विज्ञापन संकलन काउन्टर

पशुपति विज्ञापन सेवा – सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.–सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८र९८४२६३५८१५ । लोटस कम्युनिकेशन– गोंगबुचोक, फोन नं. ४३६४७१। ध्रुवको पसल– डिल्लीबजार, फोन नं. ४४३९२०१। Reachmond Books Shop (रोहित दाहाल) – फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217। दन्तकाली स्टेशनरी – नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेशनरी पसल – फोन नं. ९८५११२९६८६ । ज्ञान्जयोति पुस्तक पसल बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार– सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेशनरी – लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि. – पूरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेशनरी– बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मलः स्टेशनरी– गठ्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी-विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर– कलंकी चोक फोनः ०१-४२७६५३०, फ्याक्सः०१-४२७१३२२ । दाजुभाइ स्टेशनरी – पिंगलास्थान, गौशाला, फोनः ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफचाक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेशनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४ ।

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – १४९६०० | प्रति तोला – ० | प्रति तोला – १७६५ |



**रोल्पाका सुन्तला दाङमा** | रोल्पामा उत्पादन भएको सुन्तला खरिद गरी दाङको घोराहीको संकलन केन्द्रबाट ग्रेडिङ गरेर बिक्री गर्दै । दाङमा सुन्तला ५० रूपैयाँदेखि १०० रूपैयाँसम्ममा बिक्री हुने गरेको व्यापारी बताउँछन् । *तस्बिरः रञ्जिता अधिकारी/रासस*

# कोहलपुर–सुर्खेत १३२ केभी प्रसारणको विवाद सुल्झिँदै

■ **प्रभाव संवाददाता**

**काँक्रेविहार (सुर्खेत)–** कोहलपुर-सुर्खेत १३२ केभी प्रसारण लाइन अझै निर्माण सम्पन्न हुन सकेको छैन । सम्झौता भएको मितिले २३ असार २०७८ सम्ममा निर्माण पूरा भएर अहिले कर्णालीका अन्य जिल्लामा यो विद्युत् प्रसारण भइसक्ने भए पनि हाल सुर्खेतमै आउन सकेको छैन । ७० करोड लागत रहेको आयोजना निर्माणको जिम्मा भारतीय कम्पनी आरएस इन्फ्राप्रोजेक्टसँग २२ असार २०७६ मा सम्झौता गरिएको थियो ।

बाँके र बार्दिया राष्ट्रिय निकुञ्ज क्षेत्रमा जग्गा प्राप्ति तथा रुख कटानमा समस्या देखिएकामा सो समस्या हल भए पनि बाँकेकै वैजनाथ गाउँपालिका-१ गाभर, बाँनियाभारका स्थानीयवासीले आयोजनाको प्रसारण लाइन निर्माणमा अवरोध गरेपछि कामले गति लिन नपाएको हो । बाँकेमा मात्र ४२ महिनादेखि अवरोध कायम हुँदा काम हुन नसकेको आयोजनाले जनाएको छ ।

आयोजनाविरुद्ध गाभर, बाँनियाभारका स्थानीयवासीले उच्च अदालत तुलसीपुर इजलास नेपालगञ्जमा रिट दायर गरेका थिए । अदालतले नागरिकको प्रत्यक्ष सरोकारसँग जोडिएको विषय भएकाले आवश्यक मुआब्जा दिएर प्रसारण लाइन निर्माण रोक्न नहुने जनाउँदै रिट खारेज गरिदिएको थियो । गाभरमा छ वटा, बाँनियाभारमा तीन वटा गरेर नौ वटा टावर निर्माण हुन बाँकी रहेको छ । उक्त टावरहरू निर्माणस्थलका स्थानीयवासीसँग मुआब्जा दिनका लागि जिल्ला प्रशासन कार्यालय बाँकेले चलनचल्तीको सरकारी दरमा मुआब्जा दिनका लागि समन्वय, सहकार्य गरी गाभरमा समस्या समाधान भएको छ । बाँनियाभारमा भने अझै समस्या भएको आयोजना प्रमुख रवि चौधरीले जानकारी दिए ।

बाँकेका प्रमुख जिल्ला अधिकारी खगेन्द्र रिजालले दुनै ठाउँमा समस्या समाधान नजिक रहेको बताए । अवरोध भएमा त्यसको हल प्रशासनले गर्नेसमेत उनले बताए । आयोजना प्रमुख चौधरीका अनुसार बाँनियाभारमा केही अवरोध भएको र तोकिएको मुआब्जा दिन तयार भएको छ । आयोजना प्रमुख चौधरीका अनुसार टावर निर्माण गरिएको क्षेत्रमा जग्गाको मूल्य २५, २८ र ३२ लाख निर्धारण गरिएको छ । बाँकेको कोहलपुरदेखि सुर्खेतको वीरेन्द्रनगरस्थित सुब्बाकुना सवस्टेसनसम्मको प्रसारण लाइनको दूरी ५२ किलोमिटर छ ।

कोहलपुर-सुर्खेत सम्म १६१ वटा टावर रहेका छन् । आयोजनाले अहिलेसम्ममा सुर्खेत खण्डमा ३२ किमी क्षेत्रमा टावर निर्माण सकेर तार तानी सकिएको छ । हर्रे-छिन्चु-सुब्बाकुना र कोहलपुर-चिसापानी सम्म विवादबाहेकका क्षेत्रमा टावर निर्माण भई तार तान्ने काम सम्पन्न भएको प्रमुख चौधरीले बताए ।

चौध किमी हर्रे-बबई-चिसापानी क्षेत्र बाँके र बर्दिया राष्ट्रिय निकुञ्जभित्र रहेको छ । यो क्षेत्रमा रुख कटानको अनुमति पाएलगत्तै धमाधम रुख कटान र टावर निर्माणको काम जारी छ ।

अबको दुई महिनाभित्र रुख कटानको काम पूरा हुने लक्ष्य राखिएको छ । निकुञ्जमा ७० वटा टावरमध्ये छ वटा टावर निर्माण गर्न बाँकी रहेको छ । जेठसम्ममा वीरेन्द्रनगरमा रहेको सबस्टेशनमा विद्युत् चार्ज गर्नेगरी कामलाई तीव्रता दिइएको प्रमुख चौधरीले बताए । आयोजनाको ८० प्रतिशत भौतिक प्रगति भएकोसमेत उनले बताए ।

सुर्खेतमा २०४५ सालमा निर्माण भएका संरचनाबाट हालसम्ममा विद्युत् प्रसारण भइरहेको छ । अहिले ३३ केभी प्रसारण लाइनको विद्युत् सुर्खेतलगायत कर्णालीका जिल्लामा सञ्चालनमा रहेको छ । सोही कारणले विद्युत् अनियमितता हुनुका साथै लो भोल्टेजका कारण काम गर्नसमेत समस्या हुँदै आएको छ ।

# 'नेपाली आकाश सुरक्षित छ भन्ने सन्देश विश्वभर फैलाउन जरुरी छ'

■ **प्रभाव संवाददाता**




**काठमाडौं–** संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री बद्रीप्रसाद पाण्डेले नागरिक उड्डयनको क्षेत्रमा नेपाली आकास सुरक्षित रहेको बताएका छन् । नेपाल नागरिक उड्डयन प्राधिकरणको २६औं वार्षिकोत्सव समारोहलाई सम्बोधन गर्दै मन्त्री पाण्डेले भौगोलिक अवस्थितिले नेपालको आकास नागरिक उड्डयनको क्षेत्रमा यसको स्कोप कहिले नघट्ने बताए । उनले भने, 'नेपाली आकास सुरक्षित छ, कुनै समस्या छैन । भौगोलिक अवस्थितिले पनि नेपाली आकास सुरक्षित र गतिशील छ । चलायमान भनेर हामीले विश्वभर सन्देश फैलाउन जरूरी छ ।'

मन्त्री पाण्डेले नेपालमा भौगोलिक अवस्था विकट भए पनि यहाँ असंख्य पर्यटन क्षेत्र तथा विभिन्न धार्मिकस्थल भएका कारण अन्य देशको तुलनामा पर्यटक बढी आउन खोज्ने गरेका बताए । संस्कृति, पर्यटन तथा नागरिक उडड्यन राज्यमन्त्री अरूणकुमार चौधरीले नेपाल नागरिक उड्डयन प्राधिकरणको काम गर्ने तौरतरिका चित्तबुझ्दो रहेको बताए । उनले भने, 'प्राधिकरणको काम गर्ने तरिका ठिक छ, सबैको साथ र सहयोगले प्राधिकरणले सफलता पाएको छ ।'

मन्त्रालयका सचिव डा गणेशप्रसाद पाण्डेले नेपालका दुर्गम क्षेत्रमा अहिले पनि यातायातका साधन सञ्चालन हुन नसकेका कारण दुर्गम तथा हिमाली क्षेत्रमा जहाज सञ्चालन गर्न तत्काल आवश्यक रहेको बताए । उनले भने, 'नागरिकलाई सेवा दिन जहाज चलाउन आवश्यक छ, त्यसका लागि मन्त्रालयले के सहयोग गर्नुपर्छ हामी गर्न तयार छौं ।'

प्राधिकरणका महानिर्देशक ई प्रदीप अधिकारीले हवाई सुरक्षाको दृष्टीकोणमा नेपालको आकास निकै सुरक्षित रहेको र प्राधिकरणले उक्त क्षेत्रमा गरेका तथा अबका दिनमा गरिने कार्यका विषयमा जानकारी दिए ।

कार्यक्रममा प्राधिकरणको विशेषाङ्क विमोचन गरिनुका साथै प्राधिकरणको सफलताको क्षेत्रमा उल्लेख्य कलम चलाउने पत्रकार तथा कर्मचारीलाई सम्मान गरिएको थियो ।

# महिला लघु ऋण परियोजना साँखुको साधारणसभा



**काठमाडौं (प्रस)–** महिला सहकारी संस्था लि.साखु सेवा केन्द्रको २९औं साधारण सभा सम्पन्न भएको छ ।

महिला लघु ऋण परियोजना कार्यक्रम साँखु सेवा केन्द्रका करिब १ हजार १ सय भन्दा बढी शेयरधनीहरूको उपस्थिति रहेको साधारणसभामा गत आर्थिक वर्षको आर्थिक विवरणको सार्वजनिक गरिएको थियो ।

संस्थाले कुल रु. १ अरव २३ करोड ७ लाख निक्षेप संकलन गरेको छ भने कुल सम्पति रु.२ अरव १२ करोड २४ लाख र जम्मा दायित्व रु. १ अरब ५९ करोड २ लाख र कुल इक्वीटी रु. ५३ करोड २१ लख ९२ हजार गरी कुल दायित्व तथा इक्विटी रु.२ अरव १२ करोड २४ लाख कायम रहेको छ । आ.व. २०८०।८१ मा खुद सञ्चालन आम्दानी रु.१७ करोड ७१ लाख ७८ हजार र सञ्चालन मुनाफा रु.४ करोड ५० लाख आर्जन गर्न सफल भएको छ ।

कार्यक्रममा जेष्ठ उद्यमी २ जना, एकल महिला सफल उद्यमी पुरस्कार ३ जना , उत्कृष्ठ ऋणी २ जना, उत्कृष्ठ केन्द्र ३ वटा , प्रोत्साहन रकम १० वटा केन्द्रलाई पुरस्कृत गरिएको थियो । साथै विद्यार्थीहरूलाई छात्रवृत्ति एवं शैक्षिक सामाग्री पनि प्रदान गरिएको परियोजना व्यवस्थापक पुष्प राज भट्टले जनाए ।

## ३३ अंकले घट्यो नेप्से परिसूचक

**काठमाडौं (प्रस)–** नेपाल स्टक एक्सचेन्ज (नेप्से) परिसूचकमा ३३ दशमलव ०८ अंकको गिरावट देखिएको छ । मंगलबार नेप्से परिसूचक एक दशमलव २६ प्रतिशतले घटेर दुई हजार पाँच सय ७६ दशमलव ५० बिन्दुमा कायम भएको हो । तीन सय आठ कम्पनीको एक करोड ३१ लाख ७४ हजार तीन सय ७९ कित्ता शेयर ६९ हजार नौ सय २३ पटक खरिदबिक्री हुँदा रू पाँच अर्ब ६७ करोड ४६ लाख ८६ हजार बराबरको कारोबार भएको छ । वित्त कम्पनीको शेयर मूल्यमा उच्च अंकको गिरावट आएको छ । वित्त समूह पाँच दशमलव १९ प्रतिशतले घटेको हो । त्यस्तै विकास बैंक समूह दुई दशमलव ७७ प्रतिशत र व्यापार समूह दशमलव ९७ प्रतिशतले घटेको छ ।

# हवाई यात्रुको संख्या बढ्यो

**काठमाडौं (प्रस)–** मुलुकका तीन अन्तर्राष्ट्रिय विमानस्थलमा आन्तरिक तथा अन्तर्राष्ट्रिय हवाई यात्रुको संख्यामा वृद्धि भएको छ । नेपाल नागरिक उड्डयन प्राधिकरणको तथ्याङ्कअनुसार सन् २०२४ मा अघिल्लो वर्षको तुलनामा आन्तरिकतर्फ १३ प्रतिशत र अन्तर्राष्ट्रिय हवाई यात्रुको संख्या सात दशमलव नौ प्रतिशतले वृद्धि भएको हो ।

प्राधिकरणको २६ औं वार्षिकोत्सवको अवसरमा वार्षिक प्रगति विवरण प्रस्तुत गर्दै प्राधिकरणका महानिर्देशक ई प्रदीप अधिकारीले दिएको जानकारीअनुसार तीन अन्तर्राष्ट्रिय विमानस्थल भएर आन्तरिक उडानतर्फ सन् २०२४ को नोभेम्बरसम्म कूल ८७ लाख ६० हजार तीनसय दुई लाई हवाई यात्रुले यात्रा गरेका छन् । सन् २०२३ को नोभेम्बरसम्म कूल ७७ लाख हवाई यात्रुले यात्रा गरेका थिए ।

त्यसैगरी सन् २०२४ मा अन्तर्राष्ट्रिय हवाई यात्रुको संख्या सात दशमलव नौ प्रतिशतले वृद्धि भएको छ । नोभेम्बरसम्म अन्तर्राष्ट्रिय हवाई यात्रुको संख्या कूल ४४ लाख ४९ हजार एकसय ३३ पुगेको हो । नेपालमा हाल त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल, गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल र पोखरा अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालनमा छन् । कूल ५५ वटा विमानस्थलमध्ये ३५ वटा विमानस्थल आन्तरिक हवाई सेवा सञ्जालमा जोडिएका छन् ।

नेपालमा उडान गर्ने अन्तर्राष्ट्रिय वायुसेवा कम्पनीको संख्या सन् २०२३ मा २९ रहेकामा हाल २०२४ मा भिस्तारा एयरलाइन्स एयर इण्डियामा मर्ज भएपश्चात् यो संख्या २८ भएको छ । नेपालबाट १६ देशका २९ वटा अन्तर्राष्ट्रिय गन्तव्यमा नियमित उडान भइरहेको छ ।

आन्तरिकतर्फ भने सञ्चालन अनुमति प्राप्त जम्मा २१ वटा वायुसेवामध्ये हाल क्रियाशील वायुसेवा कम्पनीहरूको संख्या १९ रहेको छ । महानिर्देशक अधिकारीले पूर्वाधार निर्माण र हवाई सुरक्षामा विशेष ध्यान दिएको बताए । उनका अनुसार त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको स्वीकृत गुरूयोजनाबमोजिम विमानस्थलको सीमित क्षेत्रफललाई अधिकतम उपयोग गरी विमानस्थलको क्षमता अभिवृद्धि गर्ने कार्यलाई प्राथमिकता दिई क्षमता विस्तारका लागि विमानस्थलको उत्तरतर्फ करिब १८ वटासम्म अन्तर्राष्ट्रिय वायुयान बिसान गर्न सकिने वायुयान बिसान क्षेत्र र ट्याक्सी वेको निर्माण कार्य जारी रहेको छ ।

**कृषि उत्पादन बढाऔं**

- खेतबारी बाँझो नराखौं, उत्पादनमा जोड दिऔं,
- जैविक मल र जैविक विषादीको प्रयोगलाई बढावा दिऔं,
- स्थानीय बिउबिजन तथा रैथाने बालीको संरक्षण गरौं,
- प्रांगारिक वस्तुको उत्पादन र उपभोगमा जोड दिऔं,
- कृषि तथा पशुपंक्षीपालन सम्बन्धी तालिम लिऔं,
- कृषि अनुदानको सही सदुपयोग गरौं,
- बाली तथा पशुपंक्षीहरुमा समस्या देखिएमा स्थानीय तहका कृषि प्राविधिकहरूसँग सल्लाह सुझाव लिऔं,
- कृषि पेशाको सम्मान गरौ., कृषकलाई प्रोत्साहन गरौं ।

**नेपाल सरकार विज्ञापन बोर्ड**

अब मात्र एक क्लिकमा...

www.prabhabonline.com

facebook www.facebook.com/Prabhab Online

प्रभाव दैनिक

**प्रभाव पब्लिकेसन प्रा.लि.**द्वारा प्रकाशित **मुद्रण**: एक्प्रेस कलर प्रेस, **कार्यालय**: काठमाडौं–७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, **विज्ञापनका लागि**: marketing2prabhab@gmail.com, **प्रबन्ध निर्देशक**: कृष्ण कार्की, **सम्पादक**: विष्णु तामाङ